मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १६९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ बैशाख २५ गते शनिवार (Saturday, May 8. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

सूचना

कुरीति छ जतासुकै हिमाल, पहाड, तराई आजैबाट रोकौं सबै मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**सुनसान एशियन हाइवेः** दैनिक हजारौंको संख्यामा मानिसको भीड हुने पूर्वी नाका काँकरभिट्टा सुनसान बनेको छ । सरकारले झापासहित देशका धेरै जिल्लामा निषेधाज्ञा लागू गरेपछि काँकरभिट्टा सुनसान बनेको हो । **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

महामारीमा उपभोक्ताको स्वास्थ्यमाथि खेलवाड

# 'रिलेवलिङ' गर्नेलाई कारवाही

**मेचीनगर, बैशाख २४।** हतारमा ऐन बनाउने तर, कार्यान्वयन पक्ष फितलो हुने गरेका कारण नेपालका थुप्रै ऐन कागतमा मात्र सीमित बनेका छन् ।

यस्तै कागतमा मात्र सीमित बनेको एउटा ऐन हो- उपभोक्ता अधिकार ऐन । उपभोक्ता अधिकार ऐनमा हरेक व्यवसायीले उपभोग्य सामग्रीको मूल्यसूची अनिवार्य राख्नुपर्ने उल्लेख छ ।

ऐनले यस्तो कुरा बोलेको भए पनि झापाको मेचीनगरमा ठीक उल्टो छ । मेचीनगरको प्रमुख व्यापारिक केन्द्र काँकरभिट्टा, धुलावारी चारआली लगायतका अधिकांश पसलमा यो ऐन कार्यान्वयनमा छैन् । अधिकांश पसलमा मूल्यसूची नराख्ने गरिएको अनुगमनका क्रममा फेला परेको छ । कोभिड १९ संक्रमणको समयमा बजारमा खाद्यसहित अत्यावश्यक उपभोग्यवस्तुको कृत्रिम अभाव हुन नदिन र निषेधाज्ञाका समयमा बजारमा हुने कालोबजारी र खाद्य सामग्रीको मूल्यबृद्धि नियन्त्रण गर्न शुक्रबार मेचीनगरमा बजार अनुगमन गरिएको थियो ।

जिल्ला प्रशासन कार्यालय झापाले कोरोना भाइरस संक्रमण रोक्न र फैलिन नदिन आइतबार मध्यरातदेखि निषेधाज्ञा जारी गरेको छ । त्यस बखत हुनसक्ने कालाबजारी, खाद्यसहित अत्यावश्यक वस्तुको कृत्रिम अभाव र मूल्यबृद्धि नियन्त्रण गर्न बजार अनुगमनलाई तीव्रता दिइएको सहायक प्रमुख जिल्ला अधिकारी तिलोचन रिमालले बताए ।

मेचीनगर नगर स्तरीय अनुगमन टोलीका संयोजक एवम् मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेतीसहित जिल्ला प्रशासन कार्यालय झापाका सहायक प्रमुख जिल्ला अधिकारी रिमाल, प्रशासकीय अधिकृत दयाकृष्ण ढकाल, नायव सुब्बा यदुनन्दन दाहाल, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय झापाका खाद्य अनुसन्धान अधिकृत भरतबहादुर पुरी, मेचीनगर नगरपालिकाका खाद्य अधिकृत दीपेन्द्र कार्की, घरेलु तथा साना उद्योग कार्यालय झापाका अधिकृत नारायणप्रसाद खतिवडा, आन्तरिक राजश्व कार्यालय भद्रपुरका नायव सुब्बा बालकृष्ण दंगाल, गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरका सहायक निरीक्षक अनुजा घिमिरे, इलाका प्रहरी कार्यालय धुलावारीका प्रहरी निरीक्षक विकास राईलगायतको टोलीले नगरको ९ र १० नम्बर वडाका दर्जनभन्दा बढी खाद्य पसलको छड्के अनुगमन गरेको थियो ।



टोलीले अनुगमनका क्रममा अधिकांश पसलमा मूल्यसूची नभेटेपछि तत्काल मूल्यसूची राख्न र दैनिक 'अपडेट' गर्न र त्यसका सञ्चालकहरुलाई तत्काल सम्बन्धित कार्यालयमा सम्पर्कका लागि पत्र काटेको, प्रत्येक खाद्य पदार्थको उत्पादन मिति, प्रयोग मिति, लेवल हेरेर खरिद विक्री गर्न, खाद्य पदार्थको गुणस्तरमा ध्यान दिन सुझाव दिइएको टोलीमा संलग्न मेचीनगर नगरपालिकाका प्रेस संयोजक लक्ष्मी उप्रेतीले बताए ।

उपप्रमुख उप्रेती र सहायक प्रमुख जिल्ला अधिकारी रिमालले कोभिड १९ को कारण देखाई दैनिक उपभोग्य वस्तुलगायत स्वास्थ्य सामग्रीको बजारमा कृत्रिम अभाव सिर्जना गर्ने, म्याद सकिएका खाद्यवस्तुको 'रिलेवलिङ' गर्ने जस्ता गैरकानूनी काम गर्ने उद्योगी व्यवसायीलाई कानून बमोजिम कडा कारवाही गर्ने चेतावनी दिए ।

कानून विपरीतको कार्य हुन नदिन जिल्ला तथा नगरस्तरीय बजार अनुगमन टोलीले अनुगमनलाई तीव्रता दिने र कानून विपरीत कार्यमा संलग्न जो कोहीलाई पनि कानून बमोजिम कडा कारवाही गर्ने निर्णय यस अघि भइसकेको सहायक प्रमुख जिल्ला अधिकारी रिमालले बताए ।

टोलीले पौडेल किराना पसल, विजय किराना पसल, शान्ति स्टोर्स मास भेराइटिज स्टोर्स, घिमिरे किराना पसललगायतको अनुगमन गरेको थियो ।

## टिकटक बनाउँदा ज्यान गयो



**उदयपुर, बैशाख २४ ।** उदयपुरको कटारी नगरपालिका-११ हर्देनी भीरमाथि टिकटक बनाउने क्रममा लडेर एक जनाको मृत्यु भएको छ ।

धरानबाट ओखलढुङ्गातर्फ जाँदै गरेको ना १ च ३३७० नम्बरको सुमो शुक्रवार बिहान पौने १० बजे हर्देनी भीरमाथि सडकमा बिग्रिएको थियो ।

सोही सुमोमा सवार धरान-५का १८ बर्षीय सुभास परियार सुमोबाट ओर्लिएर टिकटक बनाउने क्रममा भिरबाट लडेर गम्भीर घाइते भएका थिए । उनलाई उपचारको लागि कटारी अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

## काजलीमा शव फेला, घाँस झार्दा मृत्यु

**झापा, बैशाख २४।** झापाको हल्दिवारी गाउँपालिका-४का ३३ बर्षीय रामबहादुर थारु चौधरी पानीमा डुबिरहेको अवस्थामा मृत फेला परेका छन् ।

स्थानीय कैलाश आचार्यको घरमा घरेलु कामदारको रुपमा काम गर्दै आएका चौधरी शुक्रवार बिहान सवा ७ बजेको समयमा स्थानीय काजली खोलामा मृत फेला परेका हुन् ।

उता इलाम नगरपालिका-५ ओखेका ३२ बर्षीय मिलन अधिकारीको रुखबाट लडेर मृत्यु भएको छ ।

शुक्रवार बिहान ९ बजेको समयमा घर नजिकै रहेको खनिउको रुखमा चढेर घाँस झार्ने क्रममा अचानक सोही रुखबाट लड्दा अधिकारीको घटनास्थलमा नै मृत्यु भएको हो । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

## कोरोना छल्न गाउँ छिरेकाहरु नै संक्रमित

**ओखलढुङ्गा, बैशाख २४।** ओखलढुङ्गाका गाउँगाउँमा कोरोना सङ्क्रमित भेटिन थालेका छन् । शहरमा सङ्क्रमणको दर उच्च हुन थालेपछि राजधानी काठमाडौं र तराईका जिल्लाबाट गाउँ फर्किएकामा सङ्क्रमण देखिन थालेको हो ।

हालसम्म जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या नौ पुगेको छ । बिहीबार जिल्लाका सात जनाको एन्टिजेन परीक्षण गरिएकोमा थप तीन जनामा कोरोना पुष्टि भएसँगै सङ्क्रमितको सङ्ख्या नौ पुगेको हो । सात जनाको एन्टिजेन परीक्षण गरिएकोमा जिल्लाको खिजीदेम्बा गाउँपालिकाका ४३ वर्षीय पुरुष, मोलुङ गाउँपालिका-८की १९ वर्षीया महिला र मोलुङ हाइड्रोपवरमा कार्यरत कपिलवस्तुका २८ वर्षीय पुरुषमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । उनीहरूमध्ये खिजीदेम्बा र मोलुङका दुई जना शहरबाट कोरोना छल्न गाउँ पुगेका व्यक्ति हुन् ।

शहरबाट गाउँ पुगेकाहरूमा कोरोनाको लक्षण देखिन थालेपछि गाउँमा त्रास बढेको छ । गाउँमा बस्न साह्रै डरमर्दो अवस्था भयो । शहरबाट आएकाहरू जतातत्तै हिँड्डुल खानपिन गरिरहेका छन्। गाउँ पनि अब सुरक्षित भएन- खिजीदेम्बाका शिव घिमिरेले भने- भर्खर गाउँ आएकाहरूमा कोरोनाको लक्षण देखियो । जाँच्दा कोरोना पुष्टि भयो । झन् यस्ता नवप्रवेशीका कारण गाउँमा त्रास बढ्यो । कोरोनाको दोस्रो लहर शुरु भएपछि ओखलढुङ्गामा हजारौँ मानिस गाउँ फर्किएका छन् । उनीहरू पनि क्वारेन्टिनमा बसेका छैनन् ।

गाउँ-गाउँमा समेत कोरोना सङ्क्रमित भेटिन थालेपछि सङ्क्रमितका सम्पर्कमा रहेकालाई समेत स्वास्थ्य जाँच गराउनुपर्ने माग बढेको छ । तर, तत्काल लक्षण देखिएका बाहेक अन्यलाई परीक्षण गर्न सक्ने अवस्था नरहेको जिल्ला स्वास्थ्य प्रमुख सुमन तिवारीले बताए ।

जिल्लामा सङ्क्रमित भएकामध्ये बुधबार सङ्क्रमण पुष्टि भएका सिद्धिचरण नगरपालिका-११ रमाइलोडाँडाका एक पुरुषको जिल्ला सामुदायिक अस्पतालमा उपचार भइरहेको छ । शुरुमा जटिल समस्या देखिए पनि अहिले सङ्क्रमितको स्वास्थ्यमा सुधार आएको जिल्ला स्वास्थ्य प्रमुख तिवारीको भनाइ छ । उनका अनुसार नयाँ सङ्क्रमितमध्ये खिजिदेम्बाका एक पुरुषलाई अक्सिजन दिनुपर्ने अवस्था भएकाले उनको जिल्ला सामुदायिक अस्पताल ल्याउने तयारी भइरहेको छ ।

खिजिदेम्बाका अर्का एक पुरुषको काठमाडौंमा उपचार भइरहेको र अरु सङ्क्रमितको अवस्था सामान्य रहेकाले उनीहरू होमआइसोलेशनमा छन् । जिल्लामा हालसम्म ४४ जनाको एन्टिजेन परीक्षण गरिएकामा नौ जनामा सङ्क्रमण पुष्टि भएको छ । जिल्लामा कोरोनाको लक्षण देखिएकालाई एन्टिजेन परीक्षण विधिबाट कोरोना जाँच्ने गरिएको छ ।

## कपास उद्योगमा आगलागी

**झापा, बैशाख २४।** झापाको मेचीनगर नगरपालिका-१० मा रहेको कपास उद्योगमा आगलागी हुँदा अन्दाजी १० लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

उद्योगको कपास पेल्ने मेशिनबाट अचानक आगलागी शुरु भई मेशिन, कच्चा पदार्थ तथा अन्य समान समेत जलेर नष्ट हुँदा उक्त मूल्य बराबरको क्षति भएको तथा आगलागीबाट मानवीय क्षति भने नभएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

सो आगलागी प्रहरी तथा स्थानीयवासीको सहयोगमा बेलुका ७ बजे नियन्त्रणमा आएको र थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

**पायल्स तथा फिस्टुलाको सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा बैशाख २४ गते शुक्रबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)
**मोबाइल ! मोबाइल !! मोबाइल !!!**
हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me इत्यादि
साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।
**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड
सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**
दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य
जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**




पूर्वाञ्चल दैनिक
Purwanchaldaily.com
श्रीअन्तु प्रकाशन (प्रा.)लि.



**फेरीबाट यातायातका साधन तार्रिंदैः** सदरमुकामबाट उत्तरी क्षेत्रमा पर्ने भोजपुरको षडानन्द नगरपालिका र सङ्खुवासभा जिल्लालाई जोड्ने अरुण नदीको सतीघाटबाट फेरीको सहयोगमा सवारी तथा ढुवानीका साधन तार्रिंदै । **तस्वीरः युवराज विष्ट/ रासस**

## अक्सिजन नपाएर दुई संक्रमितको मृत्यु

काठमाडौं, बैशाख २४। अस्पतालले अक्सिजनको व्यवस्था गर्न नसक्दा एकैसाथ दुई कोरोना सङ्क्रमितको मृत्यु भएको छ ।

भक्तपुर कौशलटारस्थित भक्तपुर इन्टरनेशनल नेपाल अस्पतालमा उपचारका लागि भर्ना भएका दुई कोरोना सङ्क्रमितको अस्पतालमा अक्सिजन सकिएपछि मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख कृष्ण मिजारले जानकारी दिए ।

भक्तपुरका अस्पतालहरुमा अक्सिजनको अभाव भइरहेको उहाँको भनाइ थियो । उहाँले उक्त अस्पतालले भर्ना भएका बिरामीलाई अक्सिजन सकिन लागेकाले अन्यत्र लैजान बिरामीका परिवारलाई भनेपछि अस्पताल खोज्दाखोज्दै मृत्यु भएको उहाँले जानकारी दिनुभयो । एकदमै गम्भीर अवस्थामा रहेका बिरामीलाई अस्पतालमा पर्याप्त अक्सिजनको व्यवस्था नगरी उपचार गर्दा बिरामीको ज्यान गएको मृतकका परिवारले बताएका छन् ।

# एकाघरका तीन दाजुभाइको मृत्यु

### अस्पतालमा बेड खोज्दाखोज्दै जनप्रतिनिधिको एम्बुलेन्समै ज्यान गयो

**झापा, बैशाख २४।** कोरोना सङ्क्रमणबाट नेपालगञ्जमा एकाघरका तीन दाजुभाइको मृत्यु भएको छ ।

मृत्यु हुनेमा नेपालगञ्ज उपमहानगरपालिका -३ निवासी इम्तियाज, एजाज र जहीर अहमद रहेका छन् ।

जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र बाँकेका स्रोत व्यक्ति तेज वलीका अनुसार उनीहरुको एक/एक दिनको अन्तरमा मृत्यु भएको हो । जहीरको मृत्यु भएको भोलिपल्ट एजाजको मृत्यु भएको थियो । शुक्रवार विहान इम्तियाजको मृत्यु भएको स्रोतव्यक्ति वलीले बताए । सात दाजुभाइमध्ये जहीर कान्छा, एजाज राइलो र इम्तियाज काइँलो हुन् ।

उनीहरु सबैको भेरी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । नेपालगञ्जको वीपीचोक नजिकै व्यापार गर्दै आएका जहीरको बुधबार, एजाजको बिहीवार र इम्तियाजको शुक्रवार मृत्यु भएको हो । एउटै परिवारको तीन दाजुभाइको मृत्युपछि परिवारमा बज्रपात परेको स्थानीय रसिद कुरेशीले बताए ।

बिहीवार राति मात्रै बाँकेका अस्पतालमा भर्ना भएका थप १० जना कोरोना सङ्क्रमित बिरामीको उपचारका क्रममा मृत्यु भएको थियो । हालसम्म बाँकेमा सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या १६९ जना पुगेको छ भने उपचारका लागि बाहिरी जिल्लाबाट बाँके आएका १३० जनाको मृत्यु भएको जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रले जनाएको छ ।

यसैबीच अस्पतालमा बेड खोज्दाखोज्दै बुटवलमा एक जना वडा सदस्यले एम्बुलेन्समै ज्यान गुमाएका छन् ।

बुटवल उपमहानगरपालिका-७का ४४ वर्षीय वडा सदस्य नवीन थापामगरको अस्पतालमा बेड खोज्दाखोज्दै एम्बुलेन्समै मृत्यु भएको हो ।

नगरप्रमुख शिवराज सुवेदीका स्वकीय सचिव मेघराज भट्टराईका अनुसार थापालाई एम्बुलेन्समा राखेर अस्पताल चहार्दाचहार्दै बेड नपाएर एम्बुलेन्समै मृत्यु भएको हो । थापालाई एक हप्ताअघि कोरोना संक्रमण पुष्टि भए पनि अस्पतालमा बेड नपाउँदा होम आइसोलेसनमा बस्दै आएका थिए ।

बिहीबार स्वास्थ्यमा थप समस्या आएपछि उनलाई क्रिमसन अस्पताल मणिग्राम पुऱ्याइएको थियो । तर, अस्पतालले आईसीयू र भेन्टिलेटर खाली नभएको बताएपछि एम्बुलेन्समा राखेर थापालाई भैरहवास्थित भीम अस्पताल र मेडिकल कलेज पुऱ्याइएको थियो । 'तीन वटै अस्पताल पुऱ्यायौं । तर कतै पनि बेड पाएनौं'- भट्टराईले भने- 'अन्ततः उहाँको एम्बुलेन्समै निधन भयो ।'

उपमहानगरपालिकाका प्रवक्ता रामप्रसाद रेग्मीले अस्पतालमा समयमै उपचार नपाएका कारण वडा सदस्यको मृत्यु भएको बताए । स्वर्गीय नवीनका श्रीमती र १ छोरी छन् ।

यता विवाह तथा पूजामा मानिसको जमघटबाट यहाँका दुई बस्तीमा सङ्क्रमण उच्च रहेको छ । वालिङ नगरपालिका-९ को कल्लेरी र वडा नं. १को धरमपानीमा विवाह तथा चौरासी पूजामा सहभागी भएका अधिकांशमा सङ्क्रमण पुष्टि भएको नगरपालिकाको स्वास्थ्य शाखाप्रमुख एवम् जनस्वास्थ्य निरीक्षक कमलप्रसाद पाण्डेले जानकारी दिए ।

कल्लेरी गाउँमा आयोजना गरिएको विवाहमा सहभागी भएकामा स्वास्थ्यसम्बन्धी समस्या देखिएपछि आइतबार गरिएको परीक्षणमा २३ जनामा सङ्क्रमण पुष्टि भएको हो । कल्लेरी गाउँमा स्वास्थ्य समस्या देखिएको खबर पाएसँगै गह्रौं प्राथमिक अस्पतालका चिकित्सकसहितको टोलीले गाउँमै पुगेर एन्टिजेनमार्फत परीक्षण गऱ्यौं- शाखाप्रमुख पाण्डेले भने- परीक्षण गरिएकामध्ये अधिकांशमा कोरोना पुष्टि भयो, उहाँहरुलाई आवश्यक औषधि तथा परामर्श दिएर फर्कियौं । सङ्क्रमणको दर उच्च रहेकाले कल्लेरी गाउँलाई सिल गरी आवतजावतमा कडाइ गरिएको छ । हाल उक्त गाउँमा ४०भन्दा बढीको सङ्ख्यामा सङ्क्रमित छ । तीन/चार जनामा केही समस्या देखिए पनि अन्यको स्वास्थ्य अवस्था सामान्य रहेको शाखाप्रमुख पाण्डेले बताए ।

त्यस्तै धरमपानीमा यही वैशाख १४ गते गाउँमा आयोजना गरिएको चौरासी पूजामा सहभागी भएकाहरुमा गरिएको परीक्षणमा एउटै गाउँका १९ जनामा सङ्क्रमण पुष्टि भएको छ । पूजामा सहभागी भएकामा लक्षण देखिएपछि २५ जनाको नमूना परीक्षण गर्दा १९ जनामा सङ्क्रमण पुष्टि भएको वडा नं १ का वडाध्यक्ष एवम् नगर प्रवक्ता केदार काफ्लेले बताए ।

बाक्लो बस्ती रहेको गाउँमा चौरासी पूजा गरिएको र त्यहाँ सहभागी भएकाहरुमा एकाएक ज्वरो आउने, खोकी लाग्ने, शरीर दुख्नेलगायतका समस्या देखिएपछि परीक्षणका क्रममा ठूलो सङ्ख्यामा सङ्क्रमित रहेको पुष्टि भएको हो ।

# अप्ठ्यारो परिस्थितिमा लज्जास्पद कर्म !

जनमञ्च



सन्तोष अग्रवाल
agrawal_sk817@yahoo.com

देशैभर अक्सिजन, शय्या, भेन्टिलेटरको अभावमा ज्यान गुमाइरहेको तथा हजारौं बिरामी छट्पटिरहेको अवस्थामा समेत जनप्रतिनिधि भने सत्ता जोगाउने, भागबण्डा मिलाउने दौडधुपमा व्यस्त रहनु देशबासीका लागि अत्यन्तै दुर्भाग्यपूर्ण कुरा हो ।

सर्वसाधारणले एम्बुलेन्स नपाइरहेको अवस्थामा आफ्ना अगाडि-पछाडि लावा तस्कर लगाएर प्रतिपक्षी नेताहरुको घर चहार्दै हिँडेको दृश्य देख्दा सर्वसाधारणको मन कति पोल्दो होला ! कोरोनो दोस्रो लहर शुरु भइसक्दा विज्ञहरुले दिएको चेतावनीलाई बेवास्ता गर्दै मुख्यमन्त्री राजीनामा दिएर पुनः शपथ ग्रहणमा व्यस्त देखिनु, सरकार प्रमुख स्वयम् आफ्नो सत्ता बचाउन विश्वासको मत बटुल्न प्रतिपक्षको घरदैलो चहार्दै हिँड्नु, सत्ता टिकाइराख्न राष्ट्रद्रोहका मुद्दा समेत फिर्ता लिएर अपराधीलाई उन्मुक्ति दिनुमै व्यस्त रहेकै कारण देशमा यो भयावह स्थिति आएको हो भन्दा अतिशयोक्ति नहोला ।

कोरोनाबाट बचाउन प्रयोग हुने खोप (भ्याक्सिन) को खरिदमा समेत करोडौंको कमिसनको विवादले सर्वसाधारण खोपबाट बञ्चित हुनुपरेको समाचार बाहिरिनु खेदजनक अवस्था हो । कृषिप्रधान हाम्रो देशमा मल चाहिने बेलामा आयातमा कमिशनको भागबण्डा नमिल्दा बाली काट्ने बेलामा मात्र मल आइपुग्ने गरेको छ । यस्तोमा कोरोनाले विकराल रुप लिएपछि मात्र खोप नआउला भन्न सकिन्नँ । कोरोनाको पहिलो लहर आउँदा चीनबाट आयात भएका पीपीई, किट, थर्मल गन समेतमा भ्रष्टाचार भएको समाचार पुरानो होइन । के हामी यतिसम्म तल गिर्न सक्छौं कि अत्यावश्यक खोप र औषधिमा समेत कमिसन खोज्नै पर्ने ? कतै यो महामारीले विकराल रुप लिएमा कमिशनमा ऱ्याल चुहाउनेहरुको इहलीला समेत समाप्त हुन सक्छ भन्ने हेक्का राख्न आवश्यक छ ।

सर्वसाधारणलाई मास्क अनिवार्य लगाउन अनुरोध गर्ने स्वास्थ्य मन्त्रालय (सरकार)ले मास्क बनाउन चाहिने कच्चापदार्थमा १० प्रतिशत भन्सार, १३ प्रतिशत भ्याट असुल्न समेत पछि परेको छैन । सामाजिक संघ-संस्थाहरुले सर्वसाधारणलाई निःशुल्क मास्क बाँड्ने अभियान चलाइरहँदा सरकारले यस्ता कुरामा छुट दिनुको साटो राजश्व उठाउन मात्रै ध्यान दिनु दुर्भाग्य हो । कोभिडसँग सम्बन्धित अत्यावश्यक वस्तुहरु आयात गर्दा शून्य प्रतिशतमा आयात गर्न प्रोत्साहित गरेर सर्वसाधारणलाई सर्वशुलभ तरिकाले मास्क उपलब्ध गराउन पहल गर्नुपर्ने देखिन्छ ।

देशमा अक्सिजनको अभाव भइरहँदा अक्सिजन सिलिन्डर लगायत यसमा चाहिने कच्चापदार्थ आयातमा पनि छुट दिएर द्रुत गतिमा यस्ता सामान आयात गर्न प्रोत्साहित गर्नुपर्दछ । यहाँ रहेका सामाजिक संघ-संस्थाहरुले अक्सिजन प्लान्ट, अक्सिजन बैंक स्थापना गर्न पहल गरिरहेको बेला सरकारले स्वयम् यस्ता प्लान्ट लगाउन पहल गर्न अग्रसर संघ-संस्थालाई छुट एवम् अनुदान समेत दिएर प्रोत्साहन गर्नु आजको आवश्यकता हो । छिमेकी मुलुक भारतमा सरकार स्वयम्ले अक्सिजन सप्लाईमा पहल गरिरहेको अवस्थामा हाम्रो देशमा यस्तो कुनै प्रयास भएको अहिलेसम्म पाइएको छैन ।

देशका अधिकांश जिल्लामा निषेधाज्ञा लागू भए पनि सर्वसाधारणले यसको अवज्ञा गरिरहेका दृश्यहरु हामी जताततै देख्न सक्छौं । बिहे, पुराण, मलामीमा २५ जनाभन्दा बढी सहभागी नहुन सरकारको निर्देशन हुँदाहुँदै सामान्य स्वास्थ्य मापदण्ड समेत नअपनाई सयौंजनाको उपस्थितिमा यस्ता कार्यक्रम सम्पन्न भइरहेका छन् । यसैबाट संक्रमण दर बढिरहेको पाइएको विज्ञहरुले बताएको छन् । सरकारलाई मात्रै दोष दिने र आफू सुरक्षित नहुने हाम्रो बानी नसुधारे हामीले आफन्त गुमाउनुपर्ने दिन नआउला भन्न सकिन्नँ । विज्ञहरुले कोरोनाको तेस्रो लहर समेत चाँडै आउने र यसले पुऱ्याउने क्षति पहिलो र दोस्रोभन्दा भयानक हुने चेतावनी दिइरहँदा समेत सर्वसाधारण अझै सचेत भइरहेका छैनन् । यस्तै अवस्था रहिरहे पुनः देशैभरि लकडाउन लगाउनुको अर्को विकल्प रहने छैन ।

अन्त्यमा, यतिखेर सत्तापक्ष, प्रतिपक्ष संघसंस्था सर्वसाधारण सबै एकजुट भई, हातेमालो गर्दै अहिलेको महामारीमाथि बिजय पाउन आवश्यक छ । यसका लागि व्यक्तिगत स्वार्थभन्दामाथि उठेर महामारीविरुद्ध लड्न ढिला गर्नुहुँदैन । त्यसो नभए हामीले भविष्यमा हजारौं होइन, लाखौंको संख्यामा नागरिक गुमाउनुपर्ने हुनसक्छ । कोरोनाले राजा वा रंक कसैलाई छुट्याउँदैन भन्ने उदाहरण पूर्वराजा ज्ञानेन्द्र, पूर्वरानी कोमल शाह अहिले अस्पताल हुनु परेको समाचारले सिकाएकै हुनुपर्दछ । आगे तपाईंको मर्जी, चेतना भया ।



# अब घर-घरमै अक्सिजन सिलिण्डर र औषधि

**लक्ष्मी उप्रेती**

**मेचीनगर, बैंशाख २४।** झापाको मेचीनगर नगरपालिकाले कोभिड-१९ संक्रमितका लागि मेचीनगर-११स्थित धाइजन स्वास्थ्य चौकीको भवनमा ३० वटा अक्सिजन सिलिण्डरसहित आइसोलेशन केन्द्र तयारी अवस्थामा राखेको छ । यसअघि ३० बेड क्षमताको आइसोलेशन केन्द्रमा १५ वटा अक्सिजन सिलिण्डरको व्यवस्था गरिएको भए पनि थप १५ वटा खरिद गरी ३० वटा अक्सिजन सिलिण्डरको व्यवस्था गरिएको हो ।

शुक्रबार नगरपालिका परिसरको कोभिड नियन्त्रण कार्यदलको सचिवालयमा आयोजित सञ्चारकर्मीहरुसँगको भेटघाटमा नगरस्तरीय कोभिड १९ रोकथाम तथा नियन्त्रण समितिका संयोजक एवम् नगरका प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझाले अहिले आइसोलेसन केन्द्रमा एक जना चिकित्सक, दुई जना स्टाफ नर्स र दुई जना सहयोगी स्वास्थ्यकर्मीको व्यवस्था गरेको जानकारी दिए ।

यदि यस केन्द्रमा वेड अपुग भए मेचीनगर-१० स्थित आम्दा मेची अस्पताल धुलावारीको माथिल्लो तलामा समेत व्यवस्थितढंगले संक्रमितको उपचार गर्न सकिने गरी तयारी गरिरहेको र वेडलगायत अन्य सामग्रीको खरिद प्रक्रिया शुरु गरिएको उनले जानकारी दिए । उनले कोभिड १९ नियन्त्रण तथा रोकथाम र उपचारका लागि अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी कर्मचारीलाई ५० प्रतिशत सेवा सुविधा थप गरिएको स्पष्ट पारे ।

स्थानीय सरकारले आफ्नो नगरका कोभिड संक्रमितहरुको सुविधाका लागि घरमा बसेरै अक्सिजन लगाउन मिल्ने सानो खाले सिलिण्डरको व्यवस्था गरेको छ । अहिले नगरपालिकामा एकसय थान साना अक्सिजन सिलिण्डर तयारी छ ।



नगरपालिकाले नगरभित्रका संक्रमितहरु जो होम आइसोलेसनमा बसेका छन् उनीहरुका लागि तत्काल चाहिने औषधि तथा अक्सिजन ग्यासको व्यवस्था मिलाएको छ । संक्रमितहरुका लागि आवश्यक औषधि नगरपालिकाले स्वास्थ्यकर्मीमार्फत घर घरमै पुर्‍याउने र श्वास फेर्न कसैलाई गाह्रो भए तत्काल अक्सिजन समेत उपलब्ध गराउने कोभिड नियन्त्रण कार्यदलका संयोजक एवम् सामाजिक विकास समिति संयोजक नवीन वरालले जानकारी दिए ।

उनले कोभिड १९ नियन्त्रण तथा संक्रमितहरुको उपचार छिटो र छरितोरुपमा होस् भन्ने उद्देश्यले स्थानीय सरकारले नगरभरि नगरस्तरीय तथा १५ वटै वडामा सम्बन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय र हरेक टोल विकास संस्थासँग समन्वय र सहकार्य गरेर टोल टोलमा 'ऱ्यापिट रेस्पोन्स टिम' खडा गरेको वडानम्बर ४ का वडाध्यक्ष समेत रहेका बरालले जानकारी दिए । 'होम आइसोलेशन'मा बसेका कोभिड-१९ संक्रमितलाई नगरपालिकाले घरमै पुगेर स्वास्थ्य सेवा उपलब्ध गराउने उनको भनाइ छ । मेचीनगरका सबै वडास्तरीय स्वास्थ्य चौकी प्रमुखलाई वडागत कोभिड फोकल पर्सन तोकेको मेचीनगर स्वास्थ्य शाखा प्रमुख रामनारायण यादवले बताए ।

कुनै पनि नगरवासीलाई कोभिड १९को लक्षण देखा परे उपचार गर्न अस्पताल लैजानुपर्ने भएकाले नगरपालिका परिसरमा दुईवटा एम्बुलेन्स तयारी अवस्था राखिएको र निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने, दिन बिराएर पीसीआर परीक्षणका लागि स्वाव संकलन गर्ने, कसैलाई कुनै अप्ठ्यारो परे तत्काल नगरपालिकामा सम्पर्क गर्न फोकल पर्सनको व्यवस्था गरी सम्पर्क नम्बर समेत सार्वजनिक गरेको, पीपीई सेट, सेनिटाइजर, ग्लोब्सलगायतका स्वास्थ्य सामग्रीको अभाव हुन नदिन पर्याप्त खरिद गरिसकेको, ८ सय वटा जति भिटिएम मौज्दात राखेको लगायतका विषयमा प्रमुख प्रशाकीय अधिकृत ओझाले जानकारी दिए ।

कोभिड १९को दोस्रो लहरले भयावहस्थिति निम्त्याउन सक्ने कुरालाई मध्यनजर गरी नगरपालिकाले अत्यावश्यक बाहेकको सवै सेवा स्थगित गरेको सञ्चारकर्मीहरुलाई उनले जानकारी गराए । कोभिड १९ संक्रमण समुदायस्तरमा देखिएका कारण संक्रमण नियन्त्रणका लागि नगरपालिका र मातहतका कार्यालयबाट प्रवाह हुने स्वास्थ्य सम्बन्धी कार्य, क्वारेन्टाइन र उपचार सेवा सम्बन्धी कार्य, सरसफाई लगायत बाहेकका अन्य नियमित सेवाहरु बन्द गरिएको छ ।

'स्थानीय सरकार कोभिड नियन्त्रण र संक्रमितहरुको उपचारका लागि वडास्तरीय आपतकालिन उद्धार समिति निर्माण गर्नदेखि आवश्यक स्वास्थ्य सामग्री खरिद प्रक्रियासम्मका कामलाई प्राथमिकतामा राखेर काम गरिरहेका छ'- प्रमुख प्रशासकीय अधिकृत ओझाले भने– 'यसअघि ३० बेडको आइसोलेशन केन्द्रमा १५ वटा अक्सिजन सिलिण्डर तयारी अवस्थामा थियो, अहिले १५ वटा सिलिण्डर थप गरिसकेको छ ।'

मेचीनगरको आइसोलेशन केन्द्रमा बस्ने सबै संक्रमितले सहजरुपमा अक्सिजन सुविधा प्राप्त गर्न सक्नेछन् । यतिले पनि नपुगे नगरपालिकाले थप खरिद गर्ने उनको भनाइ छ । शुक्रबारै नगरपालिकाभित्र सञ्चालनमा रहेको सबै एम्बुलेन्सका चालक, सर्पदंश उपचार केन्द्र र आम्दा मेची अस्पताल धुलावारीलाई स्वास्थ्य सुरक्षाका सामग्री प्रदान गरिएको छ । मेचीनगर नगरपालिका प्रमुख प्रशासकीय अधिकृत ओझा, सामाजिक विकास समिति संयोजक बराल, नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्तीलगायतले ती सामग्री प्रदान गरेका थिए ।

यसैवीच झापा मेचीनगर नगरपालिका वडा नम्बर १५ का अध्यक्ष गुणराज भट्टराई (राजन) को पीसीआर परिणाम पोजेटिभ आएको छ । मेची प्रादेशिक अस्पताल भद्रपुरमा बुधबारसाँझ भट्टराई दम्पतिको स्वाब परीक्षण गरिएको थियो । आफ्नो पीसीआर परिणाम पोजेटिभ आएको वडाध्यक्ष भट्टराईले बताए । श्रीमतीको भने नेगेटिभ आएको वडाध्यक्ष भट्टराईले बताए । वडाध्यक्ष भट्टराई अहिले होम आइसोलेशनमा बसेका छन् । 'श्रीमतीलाई रुघाखोकी धेरै लागेपछि पीसीआर परीक्षणका लागि बुधवार हामी दुवैजना मेची अस्पताल भद्रपुर गएका थियौं'- वडाध्यक्ष भट्टराईले भने- 'विहीबार मेरो चाहिँ पोजेटिभ आयो तर, श्रीमतीजीको नेगेटिभ आयो ।'

मेचीनगरमा कोभिड-१९ संक्रमितको संख्या १ सय ४ पुगेको र महिला र पुरुष एक/एक गरी दुईजनाको मृत्यु भएको नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख यादवले जानकारी दिए ।

# चीनको अनियन्त्रित रकेट पृथ्वीमा खस्ने खतरा

**झापा, बैशाख २४।** एउटा चिनियाँ रकेट अनियन्त्रित रूपमा पृथ्वीमा खस्न लागेको छ र वैज्ञानिकहरूलाई हालसम्म यो कहाँ खस्छ भन्ने यकिन थाहा छैन ।

सन् १९९० यता १० टनभन्दा बढी वजन भएको कुनै पनि वस्तु पृथ्वीतर्फ खस्न दिइएको छैन । तर, अबको केही दिनमा २१ टनको लङ मार्च ५बी रकेट त्यसरी पृथ्वीको वायुमण्डलमा प्रवेश गर्ने सबैभन्दा ठूलो वस्तु बन्ने छ । सो रकेट १६ फिट चौडाइ र ९८ फिट लम्बाइको छ । यसलाई चीनले एप्रिलको अन्त्यमा अन्तरिक्षमा नयाँ स्टेसन बनाउन प्रक्षेपण गरेको थियो ।

अहिले यो रकेट प्रतिघण्टा २७,६०० किलोमिटरको गतिमा पृथ्वी वरपर घुमिरहेको छ । बीबीसीका विज्ञान सम्वाददाता जोनाथन एमोसका अनुसार यसको स्थान भूमध्यरेखाको ४१ डिग्री उत्तर र दक्षिणबीच छ । यो पृथ्वीमा घुम्दा उत्तरमा न्यूयोर्क, इस्तानाबुल र बेइजिङमाथि एवम् दक्षिणमा वेलिङ्गटन र चिलेमाथि पर्छ । उनले भने- यदि तपाइँ भूमध्यरेखाको दुवैतर्फ ४१ डिग्रीभन्दा बाहिर बस्नुहुन्छ भने यो तपाइँमाथि खस्दैन । तर यसको क्षेत्रमा रहनुभएको छ भनेपनि तपाइँमाथि यो खस्ने सम्भावना एकदमै कम छ किनभने पृथ्वीको ७० प्रतिशत भूभाग समुद्र छ र यदि केही गरी यो वायुमण्डलमा जलेर नष्ट भएन भने पनि यो पानीमा पर्ने सम्भावना धेरै छ ।

सन् २०२० मे मा यस्तै रकेट प्रक्षेपण गर्दा पनि त्यसका टुक्राटाक्री पश्चिम अफ्रिकाका गाउँहरूमा खसेका थिए । अहिलेको रकेट भने मे १०को वरपर खस्ने अनुमान गरिएको छ । यो कहाँ खस्छ भन्ने वैज्ञानिकहरूले पृथ्वीमा आइपुग्ने एक घण्टा अगाडि मात्रै थाहा पाउने छन् ।

अमेरिकी सरकारको अनुदानमा सञ्चालन हुने एक संस्थाले अन्तरिक्षमा रहेका करिब २६ हजार मानवनिर्मित वस्तुहरूको तथ्याङ्क राख्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भुपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

## कविता

### आमा (शार्दूलविक्रीडित)



**चित्रदेव कट्टेल**

जीवात्मा जति छन् जमिन जलमा आमा सही कारण ।
हुन्थ्यो जन्म कहाँ सजीव यिनको गर्भै बिना धारण ॥
गर्भैदेखि सुताउने जतनले खाने र प्यूने पनि ।
आत्मैबाट रमाउँछिन् कति ? नयाँ जन्मन्छ सन्तान भनी ॥१॥
नाना कष्ट प्रसूतिका समयमा भोगेर अर्धामृत ।
हाँस्छिन् तै पनि काखमा शिशु नयाँ रून्छिन् खुसीले कित ॥
खान्छिन् जेछ रूखो भए नि बिचरा अमृत पघार्ने कति
दश धारा नवजातका मुखभरि पोख्छिन् रमाइ अति ॥२॥
जन्मेका शिशुका निमित्त जननी त्याग्छिन् परे प्राण् पनि ।
झाडीमा पनि स्याल गछिन् यही कर्तव्य आमा बनी ॥
भोको पेट बसी कठै मुख भरी ल्याएर चाराहरू ।
गिद्धेनी पनि पाल्दछिन् नि बचरा आफू नखाइ बरू ॥३॥
पंक्षी, जन्तु र कीटका पनि अहो ! आमाहरू छन् यहाँ ।
सन्तान् खातिर गर्दछन् जति कुरा तालीम लिन्छन् कहाँ ॥
यै कारण मत भन्छु यो भुवनमा आमा समान् के छ र ?
छाडे धर्म मसान हुन्छ धरती आमा नछाडी गर ॥४॥
आमाको महिमा सकिन्छ कहिले साक्षात् उनी ईश्वरी ।
आमा जीवितमै सके जति गरौं भारा तिरौं के गरी ॥
हामा कोख फुटाइ युग् युग सधैं संसार भर्ने गरौं ।
आमा व्यक्ति र शव्दलाई शिरले झुक्दै सलामी गरौं ॥५॥

**– देउमाइ–९, इलाम (हाल: बिर्तामोड–५, झापा)**

### गीत



**जेवी खत्री**

वश्का सामु छातीमा नेपाल टाँसेर हिंड्छु म ।
नेपाली हुँ नेपालीपन सबैसँग गाँसेर हिंड्छु म ॥
विश्वका कुना–कुनामा पुगि फर्केर आउँछु ।
आफ्नै पाखा पखेरामा पसिना बगाउँछु ॥
विश्वका अगि सगरमाथा टाँसेर हिंड्छु म ।
नेपाली हुँ नेपालीपन सबैसँग गाँसेर हिंड्छु म ।
सगरमाथा शिर हो, मेरो बुद्ध जन्मेको देश ।
विश्वका कुना काप्चामा छर्छु बुद्धकै सन्देश ॥
निधारभरि बुद्धको उपदेश राखेर हिंड्छु म ।
नेपाली हुँ नेपालीपन सबैसँग गाँसेर हिंड्छु म ॥
बिश्वका सामु छातीमा नेपाल टाँसेर हिंड्छु म ।
नेपाली हुँ नेपालीपन सबैसँग गाँसेर हिंड्छु म ॥

# इण्डियन कोरोनाहरू यसरी लुतुलुतु नेपाल छिराइँदा र'छन् ?



**व्यंग्यनारान पाँडे**

सधैंभन्दा निकै ढिलो, बिहानको घाम तात्तिइसकेपछि, हतार-हतार आएका हरिराम बाजे उर्फ 'सरकारी कमरेड हरिराम'-को अनुहारमा पसिनौपसिना लटरम्मै थियो । उनी सरासर म बसिरहेको बरण्डामा उक्लिए र एउटा कुर्सी केही पछाडि तानेर बसेपछि खल्तीबाट लुतुतुतु झन्नै आधा मिटर लामो रुमाल झिकेर अनुहार, घाँटी, गर्धनहरू पुछे । उनको त्यो रुमाल ठाउँ-ठाउँमा टाटैटाटा, मैलो र धुस्निसकेको रातो तुल कपडा च्यढातेर बनाइएको जस्को लाग्थ्यो । र, उनले कुर्ताको अगाडि भाग छातीसम्म उचालेर त्यसैले हम्किँदै भने– 'तपइँको यो घर र मेरो घरको डिस्ूटेन कति किल्लोमिटर होला ? आदा किल्लोमिटरभन्दा त डब्लिङ नै बर्ता होला नि ? आचकाल खाली खुट्टा हिन्न उत्ति मुन पर्दैन र अन्तखेरी एत्ति नाथे बाटो हिनेर करस गर्दा नि पसिनै-पसिना हुन्छ, गोडा नि फतक्क गल्छन् । गको गत चइताँ सर्भोच्चाले सर्खारी पाटीबड माउबादीलाई गोर्खेठ्याक लाएसि र माधौ नेपालहरूलाई हामेरको एम्माले (सर्खारी पाटी)-ले एक पर्कारको 'नो मत्लप'-को लच्छुमन रेखापारि नै खाडलमा झरालेसि सो-उक्त सर्खारी पाटीले मेरो मूल्लेङ्कन गरेर गम्तिलै रेस्पनसेबिलिटिकको जिम्मामा पर्मोसिन गरेका दिनदेखुन् मेरो ज्यानले पनि अरु-अन्ने पाओरिला 'नेता-कम्रेट'हर्का ज्यानलाई जइसै सुविदा खोद्न थालिरछ क्या पाँडेजी । एसो हुनु असोभाभिक चइँ होइन नि, होइन्त पाँडेजी ?"

एकपल्ट फुलभोल्यूम हाँसेपछि मैले भनें– "त्यो त म कसरी भनूँ ? म त नेता हूँ न त आजको 'नेता कमरेड'-को जस्तो अनुभव नै छ हसित । तर, तपाईंले मेरो घर र तपाईंको घर कति किलोलिटरको दूरीमा छ भनेर के सोचेको नि ? दूरी नाप्ने लिटर हुन्छ कि मिटर ?"

उनले तुरुन्त भने– "हामेरको एम्माले (सर्खारी पाटी)-का इ म जैसा बिध्बान पँठितका मुखाड जतिखेर जे निक्सिन्छ तेतिखेर तेइ सदर, तेइ करेक् । तेस्सै हामेरले बौमत लेरा'र भिउँसेन झयाइँ बल्यो सर्खार चलाइराख्या हम् त ? अैलेको ट्याममा हामेरले बाऊलाई आमा र आमालाई बाऊ भन्नुपर्ने न्याम-अइन् बनाएम् भने पनि नाकका चालले मान्नुपर्छ सप्पैले ।.....तेसो त .....तेसो त....."

बोल्दाबोल्दै उनले बरण्डाको पल्लो कुनामा थुपारिराखेका पत्रिकाहरुका थाकबाट एउटा टिपेर ल्याउँदै र त्यसको शिरलाई उँधो फर्काएर देखाउँदै भने– "तेसो त इ यो अकबारको हेटलइनलाई इ एसरी तल र पुछारलाई माथि उल्टो पारेर पनि जान्ने मान्छेले फररर पढ्नसक्छ । अैले हामेरु सन्सारका स्योदेखुन् बढेमाको हात्ती-गोइसम्म र जुम्राकी जोईदेखुन् हात्तीकी हात्तीनी-ढोईसम्म चाइँनेकेरे अओल-टोट्टल जान्ने-बुद्ने हम् भन्ने ठाममा छम् । हामेर्ले जे भनो तेइ करेक् नमान्न पाइँछ ?.....हन आज कुराकानी-डिस्केसहेरु स्टाटिन गर्दागर्दै तपइँले किन डोमिन्याट गर्न खोज्या– मभन्दा जान्ने जैसो हँ ?"

हरिरामले उनीहरुको राजनीतिक वंश्यौली ब्यहोरा बमोजिम जबरजस्ती पेलाइ र डेउढो प्रवचन दिन थालेर गिदी गिजोल्ने लक्षण देखाएकाले मैले केही भनिन्, चूपचाप उनीतिर हेरिरहें ।

यसैबेला एउटा अफ्रिकन हब्सी झैं गाढा कालो रंगको, छिप्पट कठबाँस झैं दह्रो र अग्लो देखिने, धुर्मुसे हामफपेन्ट र पोलिस्टरको गन्जी लगाएको तीन-बत्तीसे प्योर इण्डियन-कट् मान्छे '....फलाम-पलासटिक, पुर्ना किताप-पोत्रिका....' भन्दै साइकलमा अगाडि-पछाडि र दाहिने-देब्रे चोरैतिर थोत्राथोत्री भरिएका डालैडाला झुण्डाएर घिसार्दै घरअगाडि बाटोमा देखापर्‍यो । र, फेरि 'पुर्ना फलाम....पोत्रिका....' पुकार्‍यो ।

हरिमले त्यो कुँडाकर्कटेलाई हातले समेत इशारा गर्दै भने– "हओ भइआजी, चाइनेकेरे, आइए हओ इदर । इस मस्त गर्मी ट्याममे कत्ना दुक्ख कर्ता हाए ? आइरा इदरमे थोडा शीत्तल तापिए । इण्ड्यातरफके कोर्ना भाइरोस सडकर्मन सनबन्दी कुछ इन्फोरमिसन आपसे लेना हाए हामको । हामको आपके जडुली आबसेकता हाए । हाम याँ हाए त आपको कौनै डर नाइ होएगा । आइए न एछिन् ठेरेर जाइए ।"

मैले भनें– "ए बाजे, यसलाई तपाईंले चिनेको हो ? इण्डियामा कोरोनाको अहिलेको स्थिति यो कुँडा-कर्कट बटुलिहिँड्ने बिचरोलाई के थाहा होला र ? सके यसैलाई पनि कोरोना भइराखेको होला !"

उनले अलिक दबेको स्वरमा भने– "आम्मइँ, इ इण्डेका भार्तीए मोरा ख्याल बाठा हुन्छन् भन्छौ ? काकका फुल चोर्न सक्छन् । तोभन्दा नि मेरो दाउ आको झन ड्यान्जर इनपोरट्यान छ । तोके भन्लाउ भने हामेरका केप्पी बा पर्दानमन्त्री मउसुपबड अब मधेसे जिमिदारहर्ले खोल्या मुख्खे चइँ पाटीलाई हामेरको सर्खारी पाटीमा मिसा'र दालभात-तर्कारी गिजोले झ्याइँ अथबा पैला माउबादीलाई झ्याइँ र्‍याइँ न ठ्याइँ– 'ठिन्ठिन गोपाल'-मा पुगाउने भइबक्सेको छ । तेसो गर्दा नेपालाँ पसेर नेपाल र नेपाली ठगिखाइराखेका यइ काले भइआ जैसा समुच्चा इण्ड्यान भइआ-भइआनीले नेपाल नागृकताको खेस्टो पाउने शर्थ छ । भनेसि यो भइआ नि भोलि हामेरु झ्याइँ त के, हामेरुभन्दा पिउर् नेपाली बन्नसक्छ । तेसो भएसि एल्लाई मैले अैलेदेखुन् नै हाताँ लिने दूरदश्रिक कदम चाल्न खोज्या क्या ! तपइँ रानीतिकको पोल्टिस के जान्दछौ र बी-बीचाँ चुस्स-चुस्स बोलिराख्या ? चूपअअअ लागेर रमित हेर्दै ग्यानगुण सिक्तैजाऊ न ।"....

हरिरामले यति भनिसक्ता त्यो 'भाँडाटुटा' भनेर चिनिने टुटेफुटेर बेकामे भएका धातुका थोत्रा र पुराना किताब-पत्रिका संकलन गरी जीविका चलाउने बिचारो इण्डिन आँगनको गेटमा साइकल अड्याएर आइसकेको थियो र हरिरामतिर सोध्यो– "के पुर्ना माल छ ? पुर्ना बेट्री, कलके टुटी, पुर्ना पोत्रिका...."

हरिरामले त्यसलाई उछिन्दै भने– "आइसा माल हामका घर-घुरेनमा जत्ना हाए, नेस् ट्याम ढुँडके सित्थइँ लइजाउनु । अबी कुर्सीमे बइठिए और भनिए आपके इण्ड्यामे कोर्नाओर्नाका हालखबर क्या हाए । कोर्नाके सिजन आनेके बाद नेता-मन्त्री लोक कित्ना उजाति करके नाफा लुँड्याके गोद्दो कमा राहा कि क्या हो राहा हाए ?"

त्यसले के बुझ्यो कुन्नि । बिरी लागेका दाँत देखाउँदै भन्यो– "चानसमे डानस करके पाइ कमानु तो ओहर्को मेन काम छ । कोर्ना के भाइरोस् पक्रेर ओता हाम्नेरुको इण्ड्या देशमा आज् भी ढेरी मान्छी मर्दैछ । भोलि भी ढेरी मर्‍यो । अस्ति-अस्तिमे और ढेरी मर्छ होला ओता खूप डेन्जर भाको छ । ओता सर्खार लोकडउन लाउँदैछ ।"

मैले सोधैं– "तिमी चाहिँ भागेर यता आ'को ?"

उसले इमानसँग भन्यो– "इतै बस्नु आको होइन । बेहान साफ्फा उजला नहुने टेममे इटा आउन्छुँ और रातमे भी आँख नादेख्नुको टेममे ओता आँप्नु घर जाउन्छुँ । इस भाँगाटुटा बेपारमे हाम्नेरु ढेरी मान्छे लागेको छुँ, म एक्का होइना ।"

मैले फेरि सोधैं– "बोर्डर बन्द भएको भेला नि के गर्छौ ?"

उसले बाटोतिर आँखा डुलाउँदै भन्यो– "ओस्तो टेममा थोडा तकलीप हुनछ रभा पनि हाम्नेरु डेली आउन्छुँ-जाउन्छु । हाम्नेरु गुरुप-गुरुप मिल्छु और एक आदमीसे पाँच टाका भाडु रेट से इकट्टा कर्छुँ और ओ जमा टाका रोड ड्युटीको पुलिस-लिडरको दिन्छुँ । हाम्नेरुको भाँगाटुटा बिज्नेसवाला से और-और आरपार धान्धा भी ओस्तै बन्दबस्तसे चल्छ ।.... कोइ बात छैना ।"

मैले फेरि जिज्ञासा राखैं– "भाँडाटुटा-कुँडाकर्कट सधैँ पाइन्छ र ? नपाइएको टाइममा चाहिँ के काम गर्छौ तिमीहरु ?"

उसले भन्यो– "ओस्तो टेममे गाय-गोडुको बिज्नेसवालासे कन्टेक कर्छुँ, गाय-गोडु इतासे ओता पार करने काम पाउन्छुँ ।"

मैले सोधैं– "पक्रा पर्दिँन ?"

उले सजिलै भन्यो– "ओ बिज्नेस मालिक एक पीस गायको पचास टाका और एक पीस गोडुको पच्यात्तर टाका बन्दबस्तमे लाइन सेटिन मिलान्छ तो पक्राखाने डर नाहीँ ।"

हरिराम फुरुक्क हुँदै बोले– "लु हेर त पाँडेजी, इनेरुसित कति पीउर बिख्नेसको ग्यान रछ त ! हामेरले कस्सैलाई पनि भस्टचारी गर्न एल्लाउ गरेका रछम् कि बोडर-बोडरमा राखिएका हामेरका सर्खारी मान्छेहर्लाई इण्ड्यान मित्र-साथीहर्सित आफू मिलेर जो हातलागी हुन्छ सो मात्तै लिन एल्लाउ गरेका रछम् त ? हामेरको पाटीका सर्खारी मान्छेहर्ले इ एइ भइयो जैसा हज्जारउँलाई इन्कम हुने काम नरोकी जए-कल्लेण गर्ने र भइयाहर्ले भेटी उठा'र समर्पन गर्ने काम भस्टचारी हो त ? सम्बिर्द नेपाल-सुख्खी नेपाली बनाउने हामेरको रास्टिअ अइभारा हामेरले पूरा गर्‍या रछम्- रइछम् त ?"

त्यसपछि हरिरामले त्यसलाई सोधे– "आपका चाइनेकेरे नेपाली नागृकता हाए कि नहाए हँ ?"

त्यसले भन्यो– "इताको एकोडा नेताने इलेसनको बोटको टेममा ओता आएर वोट हाल्नु इता बुलायो र ओइ नेता हाम्नेरु समुच्चाको नापाली लागृक पर्ची दिन्छुँ भनेको लेकिन दिनु भाएन ।...ओ लागृक पर्ची किन्नु कति खर्चा लाग्छ हजुर ?"

हरिरामले हतारिँदै भने– "धत्, अैसा बात जाँ-काइँ हामको नसोदिए, बात गोप्पे हाए । काल माङ्गलबार दिम्सो एजेक्ट तीन बजी ट्याममा हामसँग मेची पूलमुन्तिर बगरमे आपसका दोस्ती-गुरुपका टोट्टलले मुलाकात करिए । उसी ट्याममा लेनदेन हिसापको कर्जीमर्जी मिलेगा । अब आप चाइन्जो ढुक्क होकर जाइए । "

त्यसले के बुझ्यो कुन्नि, खुशी भएर हिंड्यो ।

त्यसपछि हरिराम के भन्न आँट्तैथे, मैले ओभरटेक गर्दै भनैं– "इण्डियाबाट प्रकार-प्रकारका कोरोनाको सुनामी कुन पार्टीका कस्ता मान्छेले कसरी र केका लागि नेपालमा हुल्ने देशघाती अपराध गर्दै रहेछन् भन्ने आज प्रस्ट भयो । थुक्क !"

उनले कर्सीबाट उठेर बाटो लाग्दै भने– "जे पनि पस्टजान्नु भन्या ग्यान-बुद्धि बढेको राम्रो कुरो हो भन्ने हामेरको नइतिक सिधान्त नै हो हए पाँडेजी, हामेरको पइत्र सिधान्त एस्टै छ केरे ।....

# माधवी: शोषण बिरुद्धको गद्यकाव्य



**ऋषि शान्तिप्रिय**

साझा प्रकाशनको बिक्री कक्षमा पुग्दा मेरो नजर सिधै माधवीमा ठोकियो । पुस्तक किनेरै निस्किएँ । माधवी हातमा देख्दैखेरी एक जना विद्वान मित्र भन्दै थिए- अलि गाह्रो छ बुझ्न तर प्रशिद्ध उपन्यास हो । मनमनै सोचें - "गाह्रो भए पनि कसो नबुझिएला त !" लेखकका मन्तव्य र थप केही पृष्ठ पढेपछि लाग्यो - पहिल्यै पढ्नु पर्ने पुस्तक रहेछ । तथापि पढी सकेपछि लाग्यो - एउटा योग्यताको स्तरमा पुगेपछि मात्र पढ्नु पर्ने रहेछ । मेरो जन्म भन्दा २ वर्ष कान्छो नेपाली उपन्यास पढ्न मैले प्रकाशन पछिका ३८ वर्ष पर्खिएँ । अहिले सोच्दैछु - कम्तिमा मैले पुस्तक पढ्न सक्ने आँट, धैर्यता र योग्यता जम्मा गरेरै पढेंछु - पढ्नकै निमित्त । मलाई लाग्यो सबै पाठकहरुले गहन कृतिलाई न्याय दिन सक्दैनन् । बरु मेरो यो लेखले जिज्ञासु पाठकलाई पुस्तकप्रति सम्मोहन जगाओस भन्ने मेरो मनसुवा निवेदन गर्दछु ।

विद्वान लेखक मदनमणि दीक्षितले यस उपन्यासलाई छैटौं संस्करणमा समीक्षा बेगरको माधवी भनेर आफूले नै यस प्रति बारम्बार साना लेखहरु लेख्ने गरेको बताएका छन् । उनी बितेर गएको केही वर्षपछि उनलाई श्रद्धाञ्जली स्वरुप यो समीक्षा/समालोचना लेख्ने धृष्टता गरेको छु । कृति ज्यादै गहन छ । यसका चरित्रहरुका आफ्ना आफ्नै विशेषताहरु छन् । महत्वहरु छन् । यसका साह्रै धेरै आयामहरु पनि देखिएका छन् । एउटा छोटो आलेखमा अटाउन सक्ने गरी सकेसम्म थोरै शब्दद्वारा यहाँ माधवी सम्बन्धमा चर्चा गर्ने जमर्को गरेको छु । शुरुवातमै तमाम विद्वान पाठकहरुप्रति मेरा कमजोरीप्रति क्षमादान माग्दै सकेसम्म लेखकीय, चरित्रहरु, उपन्यास र यसको मूल मर्मलाई केलाउने कोशिष गर्दछु ।

महर्षि बेदव्यासले महाभारतको उद्योग पर्वमा देबी माधवी र राजा ययातीको कथा प्रस्तुत गरेका थिए । यसै कथाको पृष्ठभूमी र आफ्नो लामो अध्ययन तथा शोधलाई समेत समाविष्ट गर्दै उपन्यासकार दीक्षितले यो ग्रन्थलाई पेश गरेका छन् । पहिलो संस्करणबाट छैटौंसम्म आइपुग्दा कयौं ठाउँमा संशोधन गरिएको र उतिबेला उत्तर बैदिक उपन्यास वा एघारौं विक्रम पूर्वको भनिएकोमा त्यसरी समय नै तोक्नु उचित नहुने ठहर्‍याएका छन् लेखकले । जे होस हरप्पा र महेनजोदाडो सभ्यताको लोप भए पछि र उत्तर भारतीय समाजमा साना ठूला राज्यहरु स्थापना भई सभ्यताले बामे सर्दै गर्दा ताकाको समयलाई उपन्यासको आधार समय बनाइएको छ ।

माधवीको भूगोल चम्पादेखि बागमती किनाराको मण्डलक जनपदसम्म फैलिएको छ । यसका केही प्रसंगहरुले शैवालिक चुरे क्षेत्र सम्म, हरियुपिया (हरप्पा) र सिन्धु नदीसम्म तथा ब्रह्मपुत्र नदीसम्मको भूगोललाई समेटेका छन् । यसमा साना ठूला गरी करीब १५ वटा राज्यसँग सम्बन्धित प्रसंगहरु आए पनि उपन्यास कौशिक तटको विश्वामित्र आश्रम, अहिच्छत्र राज्य तथा प्रतिष्ठानपुर, अयोध्या (कोशल), काशी, भोजनगर, बिदेह, मण्डलक, अङ्ग (चम्पा) तथा बङ्ग लगयतका प्रसङ्गहरु प्रमुख रुपले आउछन् । महाभारत तथा श्रीमद्भागवत महापुराणको कथामा आउने राजा ययाती र उनकी छोरी माधवी तथा विश्वामित्र एबं उनैका अन्तेबासिन् (शिष्य) गालबको प्रसङ्गमा आवश्यकता अनुसार थप पात्र, घटना विवरण तथा विश्लेषण अनि प्रेम प्रसंगसँग जोडिएको कर्तब्यबोध र साँस्कृतिक अभ्यास, त्यति बेलाको समाजको रोगको रुपमा रहेको दास प्रथा तथा नारी र शिशुहरुप्रति परिवर्तकको सामग्रीको रुपमा गरिने व्यवहारहरुलाई केन्द्रमा राखेर एउटै मालामा उनेका छन् दीक्षितले ।

उपन्यासको विविध आयाम बारेमा चर्चा गर्नु पूर्व यस उपन्यासको सार यहाँ चर्चा गर्नु उपयुक्त हुनेछ । माधवीको कथाले वैदिककालमा अभिशापको रुपमा रहेको दास व्यवस्थालाई परिवर्तनको बाटोमा डोहोर्‍याएको छ । ऋषि विश्वामित्रले दासत्वबिरुद्धको राजनीतिक उद्देश्यबाट शुरु गरेर केही प्रयासहरुद्वारा समाज परिवर्तन गर्न कोशिस त गरे । तर विस्तारै बिस्तारै विभिन्न राज्यमा आफैं चेतना बढ्दै गएर, सानातिना दास विद्रोह र मानवीयता भरिदै भरिदै जाँदा गृहदास तथा शृत लामा बाँधिएका दासहरु समेत कृषक, अन्य पेशाहरु र राज्यका सेना आदिमा परिवर्तन हुँदै एउटा आशालाग्दो किरण देखाएर समाजलाई उन्नति पथमा लम्कदो र सभ्यतामा फड्को मार्दो अवस्थामा छोडेका छन् लेखकले । तैपनि विश्वामित्रले दासप्रथाको अन्त्यको लागि अश्वमेध यज्ञ गर्ने र दास प्रथा एकै चोटिमा समाप्त पार्ने भन्ने उद्देश्यले आफ्ना शिष्य गालबसँग गुरुदक्षिणामा चारवटा श्याकर्ण घोडा मागेर जुन धाक देखाए, त्यसको नैतिक धरातल दक्षिणा प्राप्त गर्दा सम्म बचाउन सकेनन् । पछि उनले अश्वमेध यज्ञ पनि गरेनन् ।

यसै कथामा नारीको दारुण्यता, शक्तिहीनता र निस्सारतालाई उदाङ्गो रुपमा पेश गरिएको छ । सम्भवत कतिपय प्रसङ्गमा आजको आधुनिक समाजमा समेत यो अवस्था कालजयी बनेर बसेको महशुस हुन्छ । यसको ज्वलन्त उदाहरण माधवी स्वयम् नै हो । नहुषनन्दन असुर सम्राट ययातिकै छोरी भए पनि उसकी माता विश्वाचीले ऊ जन्मेकै दिन छोडेर जानाले ऊ जन्मजात निस्सहाय हुन्छे । तथापी उसकी विमाता शर्मिष्ठा, धातृ सुनन्दा र दरबारका दासीहरुको समान्य स्यहार पाएर माधवी हुर्किन्छे । माधवीलाई बीस वर्षको उमेरमा अहिच्छत्र राज्यकी महामाया बारूणीको रुपमा बरण गर्छ- अहिच्छत्र सभाले । यसपछि हरेक वर्ष बरुण महोत्सवमा उसलाई शिशुहरुको बली दिनका निम्ति उपयोग गरिन्छ भने महाप्रोहित हलिमकले उसलाई सँधै नै दुर्व्यवहार गरिरहन्छ । दासशालाहरुबाट तिनीहरुका शिशु खोसेर बरुणलाई हरेक वर्ष बलि चढाउने आसुरी प्रथा त्यस राज्यमा विद्यमान छ ।

अर्कोतर्फ विश्वामित्र र बशिष्ठबिच राजा सुदासको पौरोहित्यको विषयमा मतभेद भएर बिग्रह हुँदा विश्वामित्रको शिष्य गालबले आफ्नो गुरुलाई निश्चय नै साथ दिएको थियो । त्यसबाट प्रसन्न भई बिना गुरुदक्षिणा गरीब शिष्य गालबको समावर्तन (दीक्षान्त) हुने बताएपछि स्वाभिमानी गालबले गुरुदक्षिणा नदिई आफू समावर्तन नलिने अड्डी लिन्छ । अन्त्यमा विश्वामित्रले रिसाएर गुरु दक्षिणामा चार वटा श्यामकर्ण घोडाको माग गरे र नदिएमा श्राप दिई तिर्यग्योनीमा पुर्‍याउने भनी धम्की पनि दिए । (मूल ग्रन्थमा आठसय भनिएको - जसको उद्देश्य माथि उल्लेखत छ ।)

त्यसपछि गालबको यात्रा शुरु हुन्छ - गुरु दक्षिणाका लागि । सर्वप्रथम ऊ आफ्नो बालसखा सुपर्ण कर्कोटक नागजेयलाई भेट्न र सहयोगको यचनाको निमित्त मण्डलक जनपद जान्छ । ऊ गरुण बंशको हुन्छ । ऊ विभिन्न स्थानमा घुमिरहने र विभिन्न विषयमा जानकारी राख्ने भएकोले उसले सहयोग गर्न सक्छ भन्ने आत्मविश्वासका साथ गएको हुन्छ । त्यहाँ कर्कोटक सुपर्ण गरुणको आफ्नै संस्कृति तथा रीतिस्थिति हुन्छ । सदानीरा नदी छेउ भएको त्यो जनपदमा गालबले सुपर्णकी जाया (सन्तान जन्माउनको लागि पाणिग्रहण गरिएकी पत्नी जो सन्तान जन्मेपछि स्वाधीन हुन्छे ।) जवामा पुत्रमन्थतन्त्र र पुत्रेष्टि यज्ञका विधिहरु सम्पन्न गराएर आफूमा रहेको दक्षता समेत प्रमाणित गर्छ । यसपछि नगजेयको साथमा ऊ असुरसम्राट ययातिको दरबार अहिच्छत्रमा पुग्छ ।

अहिच्छत्रमा पुग्दा उसको भेट बारुणी महामाया त्रिलोक सुन्दरी माधवीसँग हुन्छ । उसको सुन्दरता र व्यक्तित्वबाट प्रथम दृष्टिमै कौशिक गालबमा एक प्रकारको कुतकती उठ्छ । त्यति नै बेला माधवीले एउटा शिष्यलाई बरुण बलिको रुपमा प्रज्वल्लित अग्निमा दाह गर्छे । गालब बिस्मित बन्छ । भोलिपल्ट ययाति सभामा गरुण नागजेय समेतको मद्दतले गालब आफू चारवटा श्यामकर्ण घोडा भिक्षाको रुपमा माग्न आएको कुरा बताउछ । तर त्यसको उद्देश्य अहिच्छत्र संस्कृतिको ( दास प्रथाको) बिरुद्ध भएकोले राजसभाले आफ्नै बिरुद्धको कदम ठहराउँछ । तथापि ययातीको दानशीलता विश्वभर प्रख्यात थियो । दान गर्न पाउनु ठूलो अहोभाग्य सम्झन्थ्यो ऊ । उसले दान दिने त भन्छ । तर ऊसँग वास्तबमा एउटा पनि श्यमकर्ण घोडा हुँदैन । हरेक दिन दान गर्नाले ययातिकोष पनि करिब करिब रित्तिएको हुन्छ । श्यामकर्णको सट्टामा दौतल दिन समेत असमर्थ भएपछि केही दिनसम्म नै संसदमा ठूलो बहस चल्छ र अन्त्यमा ययातीले माधवीलाई नै उपयोग गरेर 'आँफै ती श्याकर्ण घोडा प्राप्त गर र गाधेय विश्वामित्रको गुरुदक्षिणा बुझाऊ' भन्दै माधवीलाई नै गालबको हातमा सुम्पिन्छ । यस बिचमा गालबको प्रयासले त्यहाँ केही दासहरुले मुक्ति पाउँछन् । उसले थुप्रै दासहरु दासशालामा शृंखलामा बाँधिएको देख्छ । साथै दासहरुप्रति गरिएको क्रुर र अमानवीय व्यवहार, साधारण कसुर वा बिनाकसुर नै पनि काशाघात तथा मरणदण्ड समेतको सजायको पनि अनुभव गर्छ । अन्त्यमा माधवीलाई अघि लगाई ऊ अयोध्याको बाटो लाग्छ ।

माधवीलाई सुवाहुले चारवटा चक्रवर्ती सम्राटकी माता बन्नेछ्यौ भनेर बरदान दिएको हुन्छ । केशशुल्काको रुपमा (कुनै कुरा प्राप्त गर्ने परिवर्तकको रुपमा सन्तान जन्माइदिने आइमाई) चक्रवर्ति सम्राट जन्माइदिएर गालबनिम्ति श्यामकर्ण घोडा प्राप्त गर्ने अभियानमा आफू सरिक हुँदा उसको लागि फाइदाको विषय भनेको महाप्रोहित हलिमकको दुर्व्यवहारबाट मुक्त हुने र गालबप्रतिको चित्ताकर्षण नै थियो । तथापि त्यो निर्णयले माधवीलाई एउटा दलदलबाट झिकेर अर्को दलदलमा फ्यक्दै थियो ।

कोशलमामा हर्यश्व राजा हुन्छ । त्रिलोक सुन्दरीसँगको करारीय प्रस्ताब उसले नमान्ने कुरै भएन । गालबले माधवीको हर्यश्वसँग पाणिग्रहण गराउँछ । आफै नै माधवीको पुत्रमन्थ तन्त्र तथा पुत्रेष्टि यज्ञकर्म गराउन सरिक हुन्छ । भावविह्वल भएर गालबले यो सबै गराउँछ । गालबले माधवीको सामिप्यता भने पाइ नै रहन्छ । उसको नियुक्ति बेद तथा शास्त्राध्यायन गराउनको निम्ति उपाध्यायमा गरिन्छ । हर्यश्वको जायाको रुपमा गर्भवती भए पनि गालब र माधवीको प्रेम झन झन गाढा हुँदै जान्छ । कोशल राजधानी अयोध्यामा रहँदा माधवीले ठूलो प्रसव व्यथा पश्चात एकपुत्र पैदा गर्छे । एक श्याकर्ण घोडा प्राप्त हुन्छ । छोराको नाम बसुमना राखिन्छ ।

त्यसपछि ती युगलको यात्रा काशी नरेश दिवोदासको दरवारका लागि शुरु हुन्छ । दिबोदासले आफ्नो राज्यमा दाश व्यवस्थालाई अन्त्य गर्दै लगेको छ । त्यहाँका दासहरुलाई मुक्ति गरेर राष्ट्र ( खेत) प्रदान गरिने र उक्त राष्ट्रबाट जनपदका लागि बलि (कर) प्राप्त गरी अर्थव्यवस्था सञ्चलन गर्ने आधुनिकता त्यहाँ अनुभव गर्छन् । काशीमा रहदा दिवोदासको प्रमूख ऋत्विजको भुमिका पाउछ गालबले । त्यहाँ रहँदा गालबले दासी गिरिकालाई बिर्यदान गरी दास पति-पत्नी भल्लाक्ष गिरकाको बिमोचन गराउँछ । अरिष्टनेमी ऋषिले ती युगललाई श्राप दिई तिर्यग्योनीमा पठाउँदा दासत्वबाट मोक्षको मार्ग यही नै देखाइदिएको थियो । दिवोदासको सहचार्यमा पनि उक्त बमोजिम नै माधवीले एक पुत्र प्राप्त गर्छे । उसको नाम प्रतर्दन राखिन्छ । बदलामा उनीहरुले एउटा श्यामकर्ण घोडा प्राप्त गरी विश्वामित्रलाई पठाउँछन् ।

त्यस पछि उनीहरु पुनः अर्को राज्य भोजनगर तर्फ लाग्छन् । भोजनगर उशीनर बैश्यहरुको राज्य हो । उनीहरु यायावरहरुले सिकाएको /प्रतिपादन गरेको वैष्णवी धर्ममा आस्था राख्छन् । त्यस धर्मले दास व्यवस्था मान्दैन । उनीहरु हरेकले आफ्नो लागि आफै कर्षण (खेती) गरेर जीविकोपार्जन गर्छन् । हरेक अघिल्लो भन्दा पछिल्लो राज्यको व्यवस्था झन् उन्नत र आधुनिक हुँदै गएकोमा उनीहरु दङ्ग पर्छन् । उशीनरहरुका राजा शिविले माधवी र गालबको ठूलो सम्मान गर्छन् । माधवीबाट शिविले एक पुत्र जन्माउछन् उसको नाम शिवि नै राखिन्छ । गालबले पनि केही

*(बाँकी पृष्ठ ३मा)*

# हितोपदेशः कुन कुरामा गोपनियता अपनाउनुपर्छ ?

हाम्रा पूर्वीय शास्त्र चणक्य नीति, विदुर नीति, भीष्म नीति लगायत हितोपदेश आदिमा हाम्रो जीवनको ज्ञान, नीति र धर्मको शिक्षा दिइएको छ। त्यहीबाट हामीले केही कुरा यहाँ उल्लेख गरेका छौं, जो अर्को व्यक्तिबाट गोप्य राख्नुपर्छ।

भनिन्छ नि, आफ्ना हितैषीलाई एवम् एकदमै मिल्ने साथीलाई पनि जीवनका सबै गोपनियता खुलाउनु हुँदैन। किनभने भोलिका दिनमा ति हितैषीसँग हाम्रो सम्बन्ध बिग्रन सक्छ। तब हाम्रो गोपनीयता उनलाई थाहा हुन्छ। हाम्रो घरायसी अवस्था, स्वास्थ्यस्थिती, कमजोरी, पृष्ठभूमि सबै थाहा हुन्छ, जुन आफैमा खतरनाक हुनसक्छ।

**घर परिवारको कुरा**

हामी आफ्ना साथीभाइलाई घर परिवारका सबै कुरा भन्छौं। आफ्ना साइनो, सम्बन्धका सबै कुरा खुलाउँछौं। त्यति मात्र होइन, परिवारका सदस्यहरुको अवस्था, हैसियत काम, आपसी मनमुटाव, अविश्वास सबैकुरा सुनाउँछौं। यसले भोलिका दिनमा हामीलाई संकटमा पार्न सक्छ।

घरको समस्या, घरको अवस्थाबारे सबैकुरा खोल्नु हुदैन। श्रीमान र श्रीमतीको संसार व्यवहार गोपनिय राख्नुपर्छ। कतिपय व्यक्तिहरु आफ्ना श्रीमतीको पोल खोल्छन्। अर्काबाट साहनुभूति हासिल गर्नका लागि यस किसिमको गल्ती नगरौं। यसले तपाईंको कमजोरी प्रदर्शित हुन्छ।

**घरको रहस्य**

कतिपय व्यक्ति यस्ता हुन्छन्, जो कोही व्यक्ति आफ्नो घरमा आउनसाथ उनलाई घरको कुनाकाप्चा देखाउँछन्। घरको सबै कुरा बुझाउँछन्।

तपाईंको विश्वासपात्र जो छन्, उनीबाट तपाईंलाई केही खतरा नहोला। तर, यसरी घरको कुनाकाप्चा देखाइरहँदा भोलिका दिनमा कतिपय साथीबाट भने अप्ठ्यारोमा पर्न सकिन्छ। उनीहरुलाई विश्वास गरेर तपाईं घरको सबै कुरा देखाउनुहुन्छ, यसले भोलिका दिनमा समस्यामा पार्न सकछ।

**धनको कुरा**

तपाईंसँग कति धन छ ? धन कसरी आर्जन गरिरहनुभएको छ ? धन कसरी सञ्चय गर्नुभएको छ ? यी कुरा कसैलाई पनि बताउनु संभावित संकट निम्त्याउनु हो।

धनको कुरा सकेसम्म गोप्य राखेकै राम्रो हो। यसको अर्थ यो होइन कि तपाईंको धन देखेर अरुले ऋण माग्छन्। यसको अरु नै कारण छन्। आफ्ना साथीभाई, आफन्तलाई आफुले राखेको धनबारे खुलाउन आवश्यक छैन। यद्यपी श्रीमतीलाई भने सम्पूर्ण विवरण दिनुपर्छ।

**अपमानको कुरा**

जीवनमा कहिले काहिँ अपमान झेल्नुपर्छ। यदि कसैले अपमान गरेमा त्यसलाई सामना गर्नैपर्ने अवस्था आउँछ। संभव भएसम्म त प्रतिकार गरेको राम्रो।

यद्यपी यसरी आफु अपमानित भएको कुरा भने अरुलाई सुनाउनु हुँदैन। आफू कसरी अपमानित भइयो, कसले अपमान गरे भन्ने कुरालाई गोप्य राख्नु नै भलाई हुन्छ। अरुबाट सहानुभूति आर्जन गर्नका लागि आफुमाथि भएको अपमानबारे बताइरहँदा अरुको मनमा आफुप्रतिको धारणा थप कमजोर बन्छ।

**आफ्नो अयोग्यता वा कमजोरी**

हामी सम्पूर्ण रुपमा पोख्त हुँदैनौ। सबैकुरा जान्ने हुँदैनौ। कतिपय कमजोरी हुन्छ। यद्यपि आफ्नो कमजोरी, अयोग्यताबारे प्रचार गर्दै हिँड्नु हुँदैन। यस्तो कुरालाई रहस्यमै राखेको वा गोप्य राखेको राम्रो हो।

यदि हामीले आफ्नो कमजोरी बतायौं भने अरुले त्यही कमजोरीमा टेकेर हामीमाथि आफ्नो प्रभाव लाद्ने प्रयास गर्छ। त्यसैले यस्ता कुरामा गोपनियता अपनाएको वेश हुन्छ।

**मनको कुरा**

हाम्रो मनमा अनेक कुरा हुन्छन्। तर, मनमा आए जति कुरा अरुलाई बताउँदै हिँड्नु हुँदैन। यसरी मनको कुरा सबैको अगाडि खोल्दा हाम्रो मनोविज्ञान, हाम्रो बौद्धिकता, हाम्रो धारणा सबैकुरा अरुले थाहा पाउँछन्। अतः हामीलाई उनीहरुले कमजोर आँक्न सक्छन्।

**दानको कुरा**

अहिले त अरुलाई के दिइन्छ, कति दिइन्छ भन्ने कुरा फोटो खिचाउने चलन छ। अरुलाई केही दिनुपरेमा फोटो खिचाएर सामाजिक सञ्जालमा त्यसको प्रचार गरिन्छ। जबकी अरुलाई हामी केही दिन्छौ भने त्यो कुरा एकदम गोप्य राख्नुपर्छ। नभए अरुलाई हामीले निस्वार्थ मनले दिएका छैनौ भन्ने हुन्छ।

## माधवी : शोषण...

राष्ट्र उशीनरहरुबाट प्राप्त गरी त्यहा रहदा कर्षण गर्छ। गालबको खेतमा झुलेका धान्य तथा बगैचामा पल्लवित पुष्प र पुष्करमा फुलेका कमलहरुको मनोहरता देखेर सम्पूर्ण उशीनरहरु आफ्नो स्नान तथा सध्या गर्न त्यतै ओइरिन्छन्। त्यहाँ रहँदा माधवी र गालबको प्रेम झन् धेरै गाढा हुन्छ। दुबै मिलेर जुहीको माला उन्ने र एक अर्कालाई पहिर्याइदिने चित्ताकर्षक सपना माधवीले देख्छे। तेस्रो सन्तान प्राप्ति पछि माधवीको स्वास्थ्य अवस्था केही बिग्रन्छ। अब कुन राजासँग श्यामकर्णको परिवर्तय गर्ने भन्नेमा उनीहरुको अलमल हुन्छ। त्यति नै बेला सुपर्ण गरुण नागजेय उनीहरुको दिशाबोध गराउन आइपुग्छ। विश्वभरीमा जम्मा तीनवटा मात्र श्यामकर्ण घोडा रहेको र थप घोडा अब बाँकी नरहेको भन्ने थाहा पाएपछि माधवी मुर्छित हुन्छे।

नागजेयको सल्लाहमा अबको यात्रा उनीहरुको चम्पातर्फ अघि बढ्छ। यात्रामा सुपर्णले समेत साथ दिन्छ। विश्वामित्रले ब्रम्हर्षिको रुपमा चम्पाको राज्य प्राप्त गरेको हुन्छ। तर उसकै राज्यमा दास व्यवसथाको अवशेषहरु प्रसस्तै देखिन्छन्। गालबले आफूले गुरुदक्षिणामा तीनवटा श्यामकर्ण पठाइसकेको र चौथोको सट्टा आफैं माधवीको उपयोग गरेर चक्रवर्ती सम्राट जन्माऊ भनेर विश्विमत्रलाई बताउँछ। माधवीको व्यक्तित्व, रुप रङ्ग, तथा आफ्नो बुढ्यौली अवस्था समेत विचार गरी उसले गालबलाई 'पहिले नै माधवीलाई मकहाँ ल्याउनु पर्दैन ? मलाई यी श्यामकर्णको के काम ? बरु म आँफै माधवीबाट चारजना चक्रवर्ति सम्राट जन्माउथें' भनी हप्काउँछ।

माधवी, गालब र विश्वामित्रबिचमा केही भनाभन हुन्छ। माधवी अस्वीकार गरे गालब स्वयम् नै विश्वामित्रलाई श्रापित गरी तिर्यग्योनीमा पठाइदिनेसम्मको धम्की दिन्छ। माधवीले पनि साथ दिन्छे। अन्त्यमा विश्वामित्र माधवीको पाणी ग्रहण गर्न स्वीकार त गर्छ तर उसको शारिरीक अवस्थाले गर्दा आँफै छोरो जन्माउन सक्दैन। आफ्नो भानिजलाई प्रतिनिधि बनाएर माधवीसँग नियोग गरी तिनीहरुले पुत्र प्राप्त गर्छन्। तथापि यो क्रममा विश्वामित्र र उसको भानिज प्रमतक माधवीको नजरमा पतित बन्छन्। माधवीले प्रमतकबाट पुत्र प्राप्त गर्छे। उसको नाम विश्वमित्रले अष्टक राखिदिन्छ। पुत्र प्राप्त भएपछि माधवी र गालबले विमोचन प्राप्त गर्छन्। माधवी र गालब उनीहरुप्रति अत्यन्तै घृणा भाव लिएर त्यहाँबाट जतिसक्दो छिटो प्रस्थान गर्दछन्।

अङ्गदेशको राजधानी चम्पामा रहँदा पनि उनीहरु विश्वामित्र प्रासादमा नभई त्यहाँको ग्रामीण परिवार जरिताको घरमा बसेका हुन्छन्। उशिनर तथा यायावरको संगतले माधवी तथा गालबमा बैष्णवी धर्मप्रतिको आस्थामा वृद्धि भएको हुन्छ। धार्मिक आस्थाको हिसाबले पनि विश्वामित्रसँग उनीहरुको कुरा मिल्दैन। उनीहरु ॐ नमोनारायण तथा अमोहमस्मीको मन्त्रको साथमा आफूलाई अनासक्ति तथा स्थावरजंगम नारायणमा समर्पण गर्दै अघि बढेका हुन्छन्। इन्द्रलाई सर्बेसर्वा मान्ने विश्वामित्रको धर्मले दास प्रथाको अन्त्य गर्न नसक्ने जिकिर गालबले गर्छ। गालबले बिष्णुलाई बेद र यज्ञ यज्ञादिमा स्थान दिनुपर्ने भनी विश्वमित्र समक्ष प्रस्ताब गर्छ। दुबैजना धेरै तर्क वितर्क गर्छन्। दुबैका मार्गबाट दास व्यवस्था अन्त्य हुँदै गएको उदाहरण सहित जिकिर पेश गर्छन्।

त्ससपछि करीब ६ महिना भन्दा बढी अवधी हिडेर उनीहरु पैदलै अहिच्छत्र राजधानी प्रतिष्ठानपुर पुग्छन्। यसबीचमा बाटोमा दुबै बिरामी पर्छन, निको हुन्छन। निषादहरुले उनीहरुको सहायता गर्छन। बाटोमा थरी थरीका गण गोत्र चिन्ह भएका विभिन्न जातिका मानिसहरुसँग भेट हुन्छ। विभिन्न संस्कृति र सभ्यताको प्रत्यक्ष परोक्ष अनुभव गर्दै उनीहरु पुग्छन्। यसैबीचमा उनीहरुको प्रेम झाङ्गिन्छ। कैलेकाही प्रेममा मनोबैज्ञानिक तिक्तता समेत देखापर्छ दुबैमा। तथापि माधवीमा क्षणिक हुन्छ भने गालबको अन्तरहृदयमा कति कुरा तुष बनेर अल्झिन्छ।

प्रतिष्ठानपुर पुगेपछि गालबले पूर्वप्रतिज्ञा अनुरुप माधवी बाबु ययातिलाई बुझाउँछ। अनि माधवी र गालबको घरजमको कुरो उठ्छ। ययातिले कन्या शुल्क तिरेर माधवीलाई पत्नी बनाउन सुझाब दिन्छ। तर, गालब त्यसो गर्न चाहदैंन। किनकि ऊ माधवी परिवर्तय सामग्री हो भन्ने ठान्दैन। ययाति फेरि गालबलाई आफ्नो बीर्य शुल्क निर्धारण गर्न सझाउँछ। त्यो पनि त्यही बैष्णवी धर्मले रोक्छ दुबैका लागि। कन्या शुल्क तिरेर मात्रबीलाई आफ्नो पत्नी बनाउनु र आफ्नो वीर्यशुल्क निर्धारणद्वारा माधवीले गालब प्राप्त गर्नु भनेको दुबै दासत्वलाई समर्थन गर्ने र अनाशक्ति रहने बैष्णवी धर्मको उल्लंघन हुनाले ती दुबै विधि त्याज्य ठहराए दुबैले। अन्त्यमा उनीहरु स्वयम्बर बिधिको अवलम्बन गर्ने भए। स्वयम्बरको मिति तोकिन्छ।

स्वयम्बरको मिति तोकिसकेपछि गालबले सुपर्णलाई सम्झन्छ। त्यत्रो महान अवसरमा सुपर्णको अनुपस्थिति रहनु हुँदैन भन्दै आफै सुपर्णलाई लिएर स्वयम्बरभन्दा पहिले नै आइपुग्ने बाचा बाँधेर मण्डलक जनपदतर्फ प्रस्थान गर्छ। बाटामा थाहा पाउँछ सुपर्ण विदेहको यात्रामा छ। ऊ बाटो फेर्छ। विदेहमा सुपर्ण बिरामी भई नाजुक अवस्थामा रहेको हुन्छ। धेरै दिनपछि सुपर्ण निको हुन्छ। एक दिन सुपर्णसँग 'मैले आज प्रतिष्ठानपुरमा हुनुपर्थ्यो। यस अघि नै जानु पर्थ्यो। माधवीसँगको स्वयम्बरको मिति आजै तोकिएको थियो' भनी गालबले बताउँछ - सुपर्णलाई। सुपर्णलाई बज्रले प्रहार गरेझैं हुन्छ र गालबलाई गाली गर्छ- सम्झाउँछ। उनीहरु माधवीसमक्ष माफ मागेर यो गल्ती सच्याउनु पर्छ भन्नेमा पुग्छन् र जतिसक्तो चाँडो प्रतिष्ठानपुर फर्कन्छन्। फर्कदा बाटोमै थाहा हुन्छ माधवी बैरागी भएर अब गृहस्थी जीवनमा नरहने भन्दै दक्षिणतर्फ साम्बाला गणमा गएकी हुन्छे। गालब र नागजेय त्यहाँ पुग्छन्। अनुनय विनय गर्छन्।

साम्बालागण जनपद भनेको मुक्त दासीहरुको नयाँ राज्य हो। त्यहाँको सदस्य सभासद् भइसकेकी माधवीले उनीहरुसँग फर्कन नसक्ने र आफूले सम्बालागणले दिएको भूमका नै निर्वाह गर्ने बताएपछि उनीहरु बाध्य भएर फर्कन्छन्। माधवी र गालबलाई जोड्ने तन्तु चुडिन्छ।

समय सबै कुराको औषधि हो। जति समय बित्दै जान्छ उनीहरुमा एक अर्काप्रतिको स्नेह र एक्लो जीवनको बिरक्तिले च्याप्न थाल्छ। करिब ७ वर्ष एकले अर्कोलाई खोज्दै बिताउँछन्। दुबै एक ठाउँबाट अर्को ठाउँमा हिँडिरहने भएकोले उनीहरुको भेट हुन सक्दैन। अन्त्यमा अब पक्कै भेट हुन्छ भन्ने जस्तो मोडमा पुऱ्याएर उपन्यासकारले समयको फड्को मारेका छन् करिब ५० वर्षको।

जब माधवी ७९ र गालब ८३का हुन्छन् त्यहीबेला गङ्गा र यमुनाको सङ्गमस्थित प्रतिष्ठनपुरमा कोशल, काँशी, भोजनगर र चम्पाका सम्राटहरु क्रमशः बसुमना, प्रतर्दन, शिवि र अष्टकद्वारा चतुराष्ट्र बाजपेय यज्ञ गरिरहेको भूमीमा अकास्मात पहिला माधवी र केही क्षणमै गालब देखा पर्छन्। उनीहरुको सम्बादबाट ती दुबै एकै कुटीमा बन्यप्रान्तमा सहचारीका रुपमै रहेका थिए भन्ने संकेत मिल्छ। तथापि उनीहरुले बिवाह गरेको बुझिदैन। चारै जना सम्राटहरु माधवीले जन्म दिएका हुन्छन्। परिचयात्मक वार्तापछि माधवी र गालब दुबै आफ्नो जीवनकथा छोराहरुलाई सुनाउन थाल्छन्। अनि माधवीको कथानक समाप्त हुन्छ।

पुरुषहठ र गालबको हीनता बोधले गर्दा माधवीको स्वयम्बर हुन पाउँदैन। जब चम्पामा गुरुदक्षिणाको काम सिध्याएर उनीहरुको यात्रा प्रतिष्ठानपुरतर्फ सोझिन्छ - त्यतिबेलाको कुरा हो यो। प्रेमील संबादकाबीचमा दुबैले एक अर्काप्रतिको अनुराग बारेमा सोध्छन्। दुबैले एक अर्काबिना जीवनको कुनै मूल्य नभएको अनुभव गर्छन् र सोही कुरा बताउछन्। एकदिन यस्तो मोड आउँछ- माधवी गालबको काखमा उसकै आँखातिर हेरेर पल्टिएकी हुन्छे। त्यो बेला माधवी अत्यन्त सुन्दरी देखिन्छे। सम्मोहनबस गालबले उसको पल्लवित ओठ चुम्न खोज्छ। तर माधवीले त्यसलाई टारिदिन्छे। भन्छे - 'तपोधन उपाध्याय ! .... केहि दिन धैर्य गर न, न्यास रहेकी मलाई सम्राटमा फिर्ता बुझाउनु तिम्रो धर्म होइन ? हेर अहिले द्यौ-पृथ्वीको चुम्बनलाई किन्चित समयपछि मात्र स्वर्णीम आभा प्रकट गर्नेछिन। सूर्य अझै क्षितिज माथि नै छन्। त्यहाँ हेर गालब !' यसलाई गालबले आफ्नो पराजयको रुपमा लिन्छ। ऊ सँधै झैं माधवीसँगको पराजयसँग डराउँछ र आफूभन्दा श्रेष्ठ नारीसँग स्वयम्बर गर्न डराउँछ र प्रकटमा स्वयम्बरमा अर्कै निहुँ पारेर अनुपस्थित रहन्छ।

उपन्यासमा नारीलाई परिवर्तकको रुपमा अझै भनौ नरीको प्रयोग जहाँ जे जसरी गर्दा पनि हुन्छ भन्ने मान्यतालाई देखाइएको सम्बन्धमा अब थप भनिरहनु परेन। गालबलाई सत्कार स्वरुप नागजेयले आफ्नै जाया जवालाई अर्पित गर्छ। पुरै उपन्यास त्यस समयको नारीहिंसा र दास व्यवस्थालाई उदाङ्गो बनाउँदै हिँडेको छ। परिवर्तन राजनीतिक छलाङ्गको रुपमा नभइ जनचेता अभिवृद्धि र सभ्यताको विकाससँगै क्रमशः हुदै जाने कुरा हो भन्ने उपन्यासको सन्देश आजका राजनीतिकर्मी जो देशलाई एकै झड्कामा युरोप बनाइदिन्छु भन्नेहरुलाई काम लाग्ने विषय हुन सक्छ।

वेद तथा काव्य कथाहरु लेखिनु अघिको कालखण्डको यो उपन्यासले संकेत गर्छ। मन्त्रद्रष्टा ऋषि विश्वामित्रसँग बेदमा विष्णुलाई पनि स्थान दिन आग्रह गरिनुले पनि यसलाई थप पुष्टि गरेको छ।

सभ्यताको शुरुवातमा जे काम गर्दा पनि साइत हेरेर त्यसलाई तान्त्रिक विधिबाट पूजा शुरु गरी गरिन्थ्यो। उशीनरहरुले भोजनगरमा क्षेत्रतन्त्र गरेर कर्षणको कार्य प्रारम्भ गर्थे भने पुत्र मन्थतन्त्रको तान्त्रिक अनुष्ठान र अष्टमातृकालाई घ्युधार दिएर पति- पत्नीबीच खुलेआम सम्भोग गरेर पुत्रेष्टि यज्ञ गरिन्थ्यो।

उपन्यासको विषयबस्तु मानब विकास क्रम र मानव रचना शास्त्रको सिद्धान्तसँग ठ्यक्कै मेल खान्छ। त्यतिवेलाका राज्य तथा समाजहरु कुनै नारी प्रधान र कुनै पुरुषप्रधान थिए। त्यतिबेलाका मानिसहरु आफूलाई कुन कुल गोत्रको हो भनेर चिनाउन गोत्र चिन्ह पहिरिएर हिँड्दथे। जस्तै- मुसिकहरु मुसाको दाँतको माला लगाउँथे। गरुणहरु गरुणको चिन्ह टाउकोमा लगाएर हिँड्थे। असुरहरु मुखुण्डो भिरेर हिँड्थे, कौशिकहरु दाँया पाखुरामा खरानीको त्रिपुण्ड बनाएर हिँड्थे आदि। खानका लागि माछा, गाइको मासु, कोदो केरा तथा केही मात्रमा धान, जौ आदिको प्रयोग गर्दथे। उखुको रसमा पकाएको खीर त्यतिबेलाको चौरासी ब्यन्जन नै थियो। खेतिपाति भर्खर शुरु भएको थियो। आधुनिक भन्नेहरु लाङ्गालको प्रयोग गर्दथे। लाङ्गाल (हलो) लाई तान्न गोरुको प्रयोग शुरु भर्खरै गरिएको थियो भने त्यस अघि नारीहरु वा दासीहरुलाई हलो तान्न लगाइन्थ्यो। हलोमा ढुङ्गाको फालि हालिन्थ्यो। काट्नको लागि ढुङ्गा, बाँसको भाटा (घास काट्न हाडबाट बनेका हँसिया आदि) को प्रयोग गर्दथे। हरियुपियाको शहरको भग्नावशेषमा इटाको प्रयोग देखेर सुपर्ण नागजेय छक्कै परेको थियो। बाणको टुप्पोमा फलाम हाल्न थाल्ने विद्वान ठहरिन्थ्यो। आम जनताले जनावरको छाला तथा पात, रुखका बोक्रा आदि बेरेर हिँड्थे। सुती बस्त्र सबैको औकातमा थिएन। त्यो समय सभ्यताको उदय हुन मात्र लागेको थियो।

उपन्यासमा गालबको विद्वताको खुब वर्णन गरिएको छ। उसले कपालिक शंग्रीब, काशीको राजप्रोहित प्रयुत तथा विदुषी वृद्धा काक्षिवति घोषा जस्ता विद्वान विदुषीहरुसँग शास्त्रार्थ गरी सबैलाई मुग्ध बनाएको थियो। शास्त्राभिमानी प्रयुत त शास्त्रार्थमा हारेर साँच्चै नै पलायन भएको थियो। उपन्यासमा गालब तथा माधवीलाई बैष्णवी धर्मका धरोहरका रुपमा उभ्याइएको छ। मांसहार नगर्ने परमपरा सायद यायावर समूह र गालबकै अनुसरण गरी त्यसै समयमा शुरु भएको हुनुपर्छ।

उपन्यासलाई प्राचीन समयको जस्तै बनाउन उपन्यासकार दीक्षितले संस्कृतका तत्सम तथा ज्यादै औपचारिक र शिष्ट शब्दहरु प्रयोग गरेका छन्। निश्चय नै त्यतिबेला यस्तो भाषा बोलिदैनथ्यो। भिन्न स्थानमा भिन्न भाषा प्रयोग हुन्थ्यो। हुनसक्छ- ऋषि तथा राजाहरु संस्कृत बोल्थे। तथापि उपन्यासमा सार्थवाह, बैश्यहरु, केवटहरु, निषादहरु तथा विभिन्न जाति जनजाति र समुदायका मानिसहरुको उपस्थिति छ। त्यसो त कतिपय साहित्यिक रचनाहरुमा काल्पनिक वा विश्वमा हुँदे नभएको भाषाको प्रयोग पनि पाइन्छ। तथापि नेपाली भाषाको उपन्यासलाई त्यतिबेलाको घटनासँग लय मिलाउन उनले यस्तो प्रयोग गरेको देखिन्छ। शुरुमा प्रयुक्त अन्य भाषा तुर्क, फारसी लगायतका शब्द संशोधन गरिएको भनी दीक्षित स्वयम्ले भूमिकामा बताएका छन्। भाषिक आधार संस्कृत वा संस्कृत साहित्यमा रुची हुनेहरुको लागि त यो उपनयास केही सुगम नै लाग्ला तर अरु नै नेपाली भाषीहरु जो त्यस मध्ये पर्दैनन् उनीहरुका लागि पनि पहिला करिब ४० पृष्ठ पढ्नसके बाँकीमा प्रासङ्गिक हिसाबले अर्थ खुल्नेछ भन्ने विश्वास छ। लेखकले गहकिला शब्दहरुको अर्थ समेत साथमा राखिदिएका छन्। शुद्धाशुद्धिमा प्रकाशकले ध्यान दिनु जरुरी थियो। आशा छ आगामी संस्करणमा त्यो हुनेछ।

उपन्यासकी प्रमूख नायिका माधवी नै हो जो दासत्व र हिंसाबिरुद्धमा मोक्ष पाउन/ दिलाउन आँफै सयौ हिंसा सहन्छे। केशशुल्का बन्छे। माधवीसँग जोडिएका गालबको नयकत्व तथा विश्वामित्र तथा माधवीसँग सहबास गरेर चक्रवर्ति सम्राट जन्माउने राजाहरु, ती राज्यमा आफ्नो आफ्नो भूमिकामा रहने अमात्यहरु प्रोहितहरु, दास दासी र सेविकाहरु, गालबको अभिन्न बालसखा सुपर्ण गरुण तथा उसकी जाया जवा उपन्यासका अभिन्न अङ्गहरु हुन। उनीहरु सबैको आफ्नो-आफ्नो भूमिका छ। कुनै पनि कमजोर भन्दा कमजोर भूमिका भएको पात्र नै किन नहोस ऊ बिना उपन्यास यो रुपमा आउँदैनथ्यो।

सरयु नदी किनारमा रहेको बनायु जनपदकी प्रमूख प्रौढा निषाद माता चौलाको ममताले माधवीको आँचल भिजेको छ। उसले दिएको औषधिले गर्भाधारणमा सँधै सहयोग मिल्छ। चौलाको आफ्नै कथा छ। उनको राज्यमा दास छैनन्। त्यसले माधवीलाई खुब रमाइलो लाग्छ। चौलाले गरेको अतिथि सत्कार, सुपर्णले गालबलाई गरेको अतिथि सत्कार, हरेक राजाहरुले गालब र माधवीलाई गरेको अतिथि सत्कारहरु आधुनिक युगमा समेत हस्पिटालिटी म्यानेज्मेन्टको विषय बन्न सक्छ।

करारमा आधारित सुपर्ण र जवाको विवाहपछि प्रेमील र गृहस्थ बन्छ। गालबले माधवीलाई स्वयम्बरको बरमाल्य पहिऱ्याउन नसके पनि उनीहरुको प्रेमील यात्रा जीवन पर्यन्त चलिरहन्छ। प्रेमको अटुटता र अमरतामा यो उपन्यास एउटा उदाहरण बनेको छ। माधवीले गालबको प्रेम प्राप्तिका निमित्त केशशुल्का भई गरेको सहयोग उपन्यासको केन्द्रीय विषय हो। माधवी बिरामी हुँदा गालबले मरिहत्ते गरेर अनेक उपाय र सुश्रुसा गर्छ। गालब बिरामी परेर अचेत भई आफ्नी आमाको नाम पुकार्दा माधवीले आफ्नै स्तन उसको ओठमा लगाइदिन्छे, अहोरात्र सेवा टहल गर्छे। यो भन्दा ठूलो प्रेम खोज्न अर्को कुन शास्त्र कुन गाथा खोज्न जानु पर्ला र ?

उपन्यासको हरेक जसो अध्यायमा ऋग्वेदका सुक्तहरु, स्तुतिहरु प्रयोग हुन्छन्। यज्ञ परम्परा हरेक राजा तथा ऋषिहरुको आफ्नै भैहाल्यो। माधवीको वारुणी भूमिकामा रहदाको लास्य नृत्य अलौकिक छ। खुसी मनाउन कौमुदी महोत्सब तथा मदन महोत्सब आयोजना गरिन्छन्। तिनीहरु नै बिस्तारै परमपरा बन्छन्। नाच गान, भजन कीर्तन तथा बाध्यहरुले उपन्यासलाई धेरै ठाउँमा सजाइएको छ। उपन्यासमा शुरु देखि अन्त्यसम्म नै यसपछि के होला भन्ने जिज्ञासाले डोहोर्याइरहन्छ र पढ्न सम्भव बनाइदिन्छ। साना ठूला कथा उपकथा तथा अनेकौं प्रसङ्गहरुको माल्यबनाएर पाठकवर्गमा लेखकले माल्यार्पण गरेका छन्। ती सबै कुराहरु यो एउटा आलेखमा समेट्न सम्भव छैन। तसर्थ मूल कृतिलाई एकपटक पढेमा यसले पाठकीय जीवनमा एउटा ठूलो अनुभव थप्नेछ भन्ने लेखकको अभिमत रहेको छ।


**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।

सम्पर्क : ९८१४९६३४८८

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन**

पहिले ०२३-५४१००२/ ५४००४४
अहिले ०२३-५३१००२/ ५३००४४

**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।*
विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ। सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ। उपलब्धिका लागि दोहोऱ्याएर काम गर्नुपर्ला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** काम पूर्ण नभए पनि मेहनतले आंशिक लाभ दिलाउनेछ। लेनदेनमा अलि होसियार रहनुहोला। साँझपख कार्य बन्ने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मेहनतले मान-सम्मान दिलाउनेछ। बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ। बुद्धिले काम लिँदा चिताएको योजना बन्नेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** कामले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्ने छन् र सानो प्रयत्नले ठूलो काम बन्नेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** विशेष भेटघाटले काममा उत्साह बढाउला। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। किर्तिमानी काम गर्ने समय छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सामाजिक दायित्व बढ्नेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू पनि बढ्ने छन्। यात्राको अवसर आउला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पछिका लागि केही वस्तु त्याग्नुपर्ला। तापनि मेहनतीहरूका लागि दिन फलदायी रहनेछ। टाढाका साथीभाइले काममा साथ दिने छन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको श्रमबाट पछिलाई फाइदा हुनेछ। टाढाका साथीहरूसँगको भेटघाटले खुसियाली छाउनेछ। कर्जामार्फत धन जुट्नेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ। हात लागेको रकम तत्काल खर्चनुपर्ने हुन सक्छ। लेनदेनमा विचार पुऱ्याउनु होला।